# क्षमता विकास योजना

(२०८१/८२ -०८३/०८४ )



# बराहताल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## कुनाथारी, सुर्खेत, कर्णाली प्रदेश , नेपाल

# बराहताल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## गाउँपालिका अध्यक्षको भनाई



सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ ले संघ प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरू सहकार्य सह अस्तित्व र समन्वयको आधारमा संचालन हुने परिकल्पना गरे अनुरूप जनताको सबैभन्दा नजिकको सरकार भएका नाताले संविधानको मर्म र भावना, जनताको अपेक्षा र राजनैतिक दलहरूले निर्वाचनको क्रममा घोषणा पत्रमा गरेका प्रतिवद्धता अनुसार सेवा प्रवाहलाई सरल, सुलभ र पारदर्शी बनाउदै सिमित साधन श्रोतबाट जनताको असिमित विकास निर्माणको आवश्कता पूरा गर्ने कार्य निकै चुनौति पूर्ण हुदाहुँदै पनि हामी ती चुनौती लाई अवसरमा रूपान्तरण गरि विकासको गतिलाई द्रुत गतिमा काम गर्न प्रतिवद्ध छौं।

हाम्रा सिमित स्रोत साधनको पहिचान गरी आवश्यकताहरूको सही प्राथमिकिकरण र स्रोतको उपयुक्त व्यवस्थापन गर्न सकेको खण्डमा बराहताल गाउँपालिकाले विकासमा फड्को मार्न सक्दछ । चुनौतिलाई अवसरको रूपमा रूपान्तर गर्ने हाम्रो प्रतिवद्धतालाई साकार पार्ने क्रमवद्ध प्रयासमा यो ३ वर्षे क्षमता विकास योजना निमार्णले सेवाग्राही, संघ संस्था, सेवा प्रदायक निकाय, जिम्मेवार पदाधिकारी, नागरिक समाज, कर्मचारी, निर्वाचित भई आएका जनप्रतिनिधि एवम् हामीसँग सहकार्य गर्ने सबैलाई सहयोग पुग्ने विश्वास लिइएको छ । यसले बदलिंदो परिस्थिती र जनचाहना अनुसार ३ वर्षका लागि क्षमता विकास योजना (२०८१/०८२-०८३/०८४) कार्यान्वयन गर्न प्राथमिकता सहितको खाका तयार गरेको छ । यसको क्रमवद्ध कार्यान्वयनले हाम्रो गाउँपालिकामा सुशासन कायम भई सेवा प्रवाह र विकास निमार्णका कार्यक्रम जनताको चाहना अनुसार गर्न हामी सबैको क्षमता अभिवृद्धि हुने विश्वास लिएका छौ ।

अन्तमा, योजना तयार पार्न सहयोग पुर्याउनु हुने उपाध्यक्ष लक्ष्मी पुन मगर, प्रमुख प्रशासकिय अधिकृत प्रेम बहादुर डि. सी. सम्पूर्ण वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, विषयगत शाखा प्रमुखहरू तथा अन्य कर्मचारीहरू, र सम्पूर्ण सेवाग्राहीहरूलाई धन्यवाद दिन चाहन्छु । यस कार्यका लागि सहयोग गर्ने कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान वीरेन्द्रनगर, सुर्खेत र यसका विज्ञहरूका साथै परामर्शदता संस्था एमपिएस म्यानेजमेन्ट एण्ड कन्सल्टिङ् प्रा.लि कोटेश्वर काठमाडौं र विज्ञ परामर्शदाता सहित यस कार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुर्याउनुहुने र खटिने सबैलाई धन्यवाद दिदै यसको प्रभावकारी कार्यान्वयनमा समेत सहयोगको अपेक्षा गर्दछु ।

भिम बहादुर भण्डारी
अध्यक्ष

# बराहताल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### सुर्खेत, कर्णाली प्रदेश, नेपाल

**गाउँपालिका उपाध्यक्षको सन्देश**




नेपालको संविधान २०७२ को भावना,जनताको अपेक्षा र हामीले निर्वाचनको क्रममा घोषणापत्रमा गरेका प्रतिवद्धता अनुसार हाम्रा सेवा प्रवाहलाई सरल, सुलभ र पारदर्शी बनाउदै सिमित साधन श्रोतबाट यस गाउँपालिकाका जनताको विकास प्रतिको असिमित चाहना र आवश्यकतालाई पूरा गर्ने कार्य निकै चुनौतिपूर्ण छ । तर हाम्रो उर्वर भुमी, कृषि, पशुपालन तथा पर्यटन क्षेत्रमा यहाँका बासिन्दाहरूको आकर्षण, धार्मिक पर्यटकिय स्थलहरू, र बढ्दो व्यापार तथा व्यवसायिक केन्द्रको विकास भईरहेको गाउँपालिकामा विकासका धेरै संभावनाहरू धेरै छन् । हामीसंग उपलव्ध सिमित स्रोत साधनको पहिचान गरी आवश्यकताहरूको सही प्राथमिकिकरण र स्रोतको उपयुक्त व्यवस्थापन गर्न सकिएमा बराहताल गाउँपालिकाले विकासमा फड्को मार्न सक्दछ । चुनौतिलाई अवसरको रूपमा रूपान्तर गर्ने हाम्रो प्रतिवद्धतालाई साकार पार्ने क्रममा यो ३ वर्षे क्षमता विकास योजना निमार्णले सेवाग्राही, संघ संस्था, सेवा प्रदायक निकाय, जिम्मेवार पदाधिकारी, नागरिक समाज, कर्मचारी र जनप्रतिनिधि एवम गाउँपालिका सँग सहकार्य गर्ने सबैलाई सहयोग पुग्ने विश्वास लिइएको छु । बदलिंदो स्थिती र जनचाहना अनुसार ३ वर्षको लागि क्षमता विकास योजना २०८१/०८२— २०८३/०८४ कार्यान्वयन गर्न प्राथमिकता सहितको खाका तयार गएिको छ । यसको क्रमवद्ध कार्यान्वयनले हाम्रो गाउँपालिकामा सुशासन कायम भई सेवा प्रवाह र विकास निमार्णका कार्यक्रम जनताको चाहना अनुसार गर्न हामी सबैको क्षमता अभिवृद्धि हुने विश्वास लिएका छौं । यसको सफल कार्यान्वयनमा हामी जनप्रतिनिधी र स्थायी सरकारका रूपमा रहेका कर्मचारीहरूको समान भुमिका रहको छ। तसर्थ हाम्रा संस्थागत क्षमता र मानव संसाधनको क्षमता सँगै विकास हुँदै जानेमा विषयमा म विश्वस्त छु ।

अन्तमा, योजना तयार पार्न सहयोग पुर्याउनु हुने गाउँपालिका अध्यक्ष भिम बहादुर भण्डारी लगायत प्रमुख प्रशासकिय अधिकृत प्रेम बहादुर डि. सी. लगायत सम्पूर्ण वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, शाखा प्रमुखहरू तथा अन्य कर्मचारीहरू, र सम्पूर्ण सेवाग्राहीहरूलाई धन्यवाद दिन चाहन्छु । यस कार्यका लागि सहयोग गर्ने कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान वीरेन्द्रनगर, सुर्खेत र यसका विज्ञहरूका साथै परामर्शदता संस्था एम.पि.एस. म्यानेजमेन्ट एण्ड कन्सल्टिङ् प्रा.लि, कोटेश्वर ,काठमाडौं र विज्ञ परामर्शदाता सहित यस कार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुर्याउने र खटिने सबैलाई धन्यवाद दिदै यसको प्रभावकारी कार्यान्वयनमा समेत सहयोगको अपेक्षा गर्दछु ।

लक्ष्मी पुन मगर
उपाध्यक्ष

# बराहताल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

**धन्यवाद ज्ञापन तथा कृतज्ञता**




संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने ब्यबस्था रहेको छ । यी तीनवटै तह बीचको सम्बन्ध सहकारिता (सबैले मिलेर तहगत अधिकार प्रयोग र जिम्मेवारी बहन गर्ने), सहअस्तित्व (व्यक्ति, संस्थाले एक अर्काको स्वायत्ततालाई सम्मान गर्ने र एक अर्काको परिपूरकको रूपमा रहने) र समन्वय (सूचनाको आदान प्रदान र कार्य सम्पादनमा सहकार्य) को सिद्धान्तमा आधारित रहेको छ । स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भई कार्यान्वयनमा रहेको छ । स्थानीय तहमा जनप्रतिनिधिको वहाली सँगै संविधानमा व्यवस्था भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र र सङ्घीयताको कार्यान्वयन गर्दै स्थानीय सरकार सञ्चालन गर्नुपर्ने अभिभारा जनप्रतिनिधि उपर आएको छ । उल्लेखित पृष्ठभूमिमा स्थानीय सरकार सञ्चालनका सम्बाहक जनप्रतिनिधिहरू, स्थानीय तहमा कार्यरत कर्मचारी तथा सरोकारवालालाई स्थानीय सरकार सम्बन्धी विषयमा ज्ञान र सीप हुनु आवश्यक महशुस गरी स्थानीय तहको प्रभावकारी कार्य संचालनमा सहयोग पुगोस् भन्ने अभिप्रायले बराहताल गाउँपालिकाको वर्तमान अवस्था, यहाँबाट प्रवाह हुने सेवा प्रवाह, र अन्य निकाय लगायतका विभिन्न विषयहरूमा स्थानीय सरकारको कार्य सम्पादनको स्थिति थाहा पाउन आन्तरिक क्षमता मूल्यांकन सहितको क्षमता विकास योजना तयार पारिएको हो ।

क्षमता विकास विश्लेषण र क्षमता विकासको योजनाबाट नेतृत्व र गाउँपालिकाका समग्र सरोकारवालाहरूलाई गाउँपालिकाको वर्तमान अवस्था, कार्यसम्पादनका सिलसिलामा अपनाईएका र अपनाउनु पर्ने प्रकृयाहरू, सम्पादन गरिएका असल अभ्यासहरू र सम्पादन गर्न बांकि रहेको कार्यहरूका बारेमा स्पष्ट मार्गचित्र देखाउछ । यसैका आधारमा आगामी दिनमा गरिने कार्यहरूको रणनीति बनाउनका लागि सजिलो पार्दछ । अतः बराहताल गाउँपालिका एउटा सरकारको रूपमा स्थापित भै सकेको वर्तमान अवस्थामा यस गाउँपालिकाले आफ्नो क्षेत्र भित्र गर्नुपर्ने कार्यहरूको लागि आवश्यक नीति, रणनीति तथा कार्यक्रम र योजनाहरू तय गरिएको यस दस्तावेजले जननिर्वाचित प्रतिनिधिहरू र कार्यरत कर्मचारीलाई मार्गदर्शन गरी आफ्नो लक्ष्यमा पुग्न सहयोग पुर्याउने विश्वास लिईएको छ ।

अन्तमा, योजना तयार पार्न सहयोग पुर्याउनु हुने बराहताल गाउँपालिका अध्यक्ष भिम बहादुर भण्डारी, उपाध्यक्ष लक्ष्मी पुन मगर लगायत सम्पूर्ण वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, विषयगत शाखा प्रमुखहरू तथा अन्य कर्मचारीहरू, र सम्पूर्ण सेवाग्राहीहरूलाई धन्यवाद दिन चाहन्छु ।

यस कार्यका लागि सहयोग गर्ने कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान वीरेन्द्रनगर, सुर्खेत र यसका विज्ञहरूका साथै परामर्शदता संस्था एम.पि.एस. म्यानेजमेन्ट एण्ड कन्सल्टिङ् प्रा.लि कोटेश्वर, काठमाडौं र विज्ञ परामर्शदाता सहित यस कार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुर्याउने र खटिने सबैलाई धन्यवाद दिदै यसको प्रभावकारी कार्यान्वयनमा समेत सहयोगको अपेक्षा गर्दछु ।

प्रेम बहादुर डि. सी.
प्रमुख प्रशासकीय अधिकृत

**संक्षिप्त शब्दावली**

| संक्षिप्त शब्द | पूर्णरूप |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| आ.यो. | आवधिक योजना |
| का.स. | कार्यपालिका सदस्य |
| गा.स. | गाउँसभा |
| गा.पा. | गाउँपालिका |
| गै.स.स | गैरसरकारी संस्था |
| जि.स.स. | जिल्ला समन्यय समिति |
| प्र.प्र.अ. | प्रमुख प्रशासकिय अधिकृत |
| प्र.श. | प्रशासन शाखा |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| प्रा.स. | प्राविधिक साहायक |
| रा.ज. | राष्ट्रिय जनगणना |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| हे.अ. | हेल्थ असिस्टेण्ट |
| लै.स.सा.सा. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| स्वा.व्य.स. | स्वास्थ्य व्यवस्थापन समिति |
| व.से. | वर्थिङ सेन्टर |
| रो.स्व. | रोजगार स्वयंसेवक |
| श.स्वा.प्र.के. | शहरी स्वास्थ्व प्रवर्द्धन केन्द्र |
| म.वि.नि. | महिला विकास निरिक्षक |
| स.क.अ. | सहायक कम्प्युटर अपरेटर |
| अ.स.ई. | असिस्टेन्ट सवईन्जिनियर |
| प्र.म.वि.अ. | प्रमुख महिला विकास अधिकृत |
| आ.ले.प. | आन्तरीक लेखापरिक्षक |
| ना.अ. | नापी अधिकृत |
| प.वि.अ. | पशु विकास अधिकृत |
| क.अ. | कम्प्युटर अधिकृत |
| ले.अ. | लेखा अधिकृत |
| स.क. | सहायक कर्मचारी |
| प्र.सु.के. | प्रदेश सुशासन केन्द्र |
| क.प्र. | कर्णाली प्रदेश |
| प.शा. | पञ्जिकरण शाखा |
| सु.प्र.स | सुचना प्रविधि शाखा |

## प्रतिवेदनको संरचना

क्षमता विकास योजना ६ परिच्छेदमा विभाजित छ । परिच्छेद एकमा परिचय जस अन्तर्गत पृष्ठभूमि, क्षमता विकास योजनाको औचित्य, उद्देश्य, क्षमता विकास योजना तयारीको नीतिगत तथा कानूनी आधारहरु, संघ, प्रदेश र गाउँपालिकाको क्षमता विकासको अन्तर सम्बन्ध, योजना तर्जुमाको विधि तथा प्रकृया र योजना तर्जुमाका सीमाहरु उल्लेख छ । परिच्छेद दुईमा गाउँपालिकाको संक्षिप्त परिचय र परिच्छेद ३ मा क्षमता विकासको समग्र लेखाजोखा गरिएको छ जस अन्तर्गत संस्थागत क्षमता विकासका तिन आयाम, संस्थागत, मानव संसाधन, बजार सेवाहरुको क्षमता लेखाजोखा गरिएको छ । परिच्छेद चारमा समग्र योजना खाका उल्लेख छ । यस परिच्छेदमा संस्थागत क्षमता विकासको परिचय र स्थानीय सरकारको क्षमता विकास योजना उल्लेख छ । त्यसैगरी मानव संसाधन विकास एक परिचय र स्थानीय सरकारको मानव संसाधन विकास योजना र क्षमता विकास संग सम्बन्धित स्रोत व्यक्ति सरोकारवालाहरुको पहिचान उल्लेख छ । परिच्छेद पाँच योजना कार्यान्वयनको रणनीति सग सम्बन्धित छ भने परिच्छेद छ मा योजनाको व्यवस्थापन, अनुगमन तथा मूल्यांकनको विधि र जिम्मेवारी उल्लेख छ ।

उक्त रणनितिक कार्ययोजना कार्यान्वयन गर्दा ३ बर्षका (आ.व. २०८१/०८२ देखि आ.व. २०८२/०८३) का लागि अनुमानित प्रस्तवित बजेट रु. १ करोड ४२ लाख ९८ हजार लाग्ने देखिन्छ । क्षमता विकास कार्यक्रम संचालनका लागि गाउँपालिकाको आन्तरिक स्रोतले मात्र पुग्न जाने देखिंदैन । तसर्थ, नेपाल सरकार, प्रदेश सरकार लगायत विकास साझेदारहरुको स्रोत, साधन र जनशक्ति समेत प्रयोग गरी क्रियाकलापहरुलाई २०८१/०८२ को प्रथम चौमासिक देखि नै कार्यान्वयनमा ल्याउन गाउँपालिकाले विशेष प्रयास र पहल गर्नु पर्ने हुन्छ ।

**विषयसूचि**

परिच्छेदः १ ....................................................................................................................१

१.१ पृष्ठभूमी....................................................................................................................१

१.२ क्षमता विकास योजनाको लक्ष्य..........................................................................................३

१.३ क्षमता विकास योजनाको उद्देश्य .........................................................................................३

१.४ औचित्य .......................................................................................................................३

१.५ क्षमता विकास योजना निर्माणका आधारहरू.........................................................................४

१.६ क्षमता विकास योजना तर्जुमा प्रकृया...................................................................................५

१.६.१ क्षमता विकास समन्वय समिति गठन...............................................................................६

१.६.२ क्षमता विकासको योजना तर्जुमा प्रक्रिया बारे एक दिने अभिमुखीकरण.................................६

१.६.३ मागमा आधारित संस्थागत क्षमता विकास आवश्यकताको लेखाजोखा.................................६

१.६.४ नेतृत्व तहको क्षमता विकास आवश्यकताको लेखाजोखा...................................................६

१.६.५ आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा..........................................७

१.७ क्षमता विकास सगसम्बन्धित स्रोत व्यक्ति र सरोकारपक्षहरूको पहिचान..................................७

१.८ अध्ययनको सीमा...........................................................................................................८

परिच्छेदः २.......................................................................................................................९

२.१ बराहताल गाउँपालिकाको परिचय.........................................................................................९

२.२ ऐतिहासिक चिनारी र नामाकरण...........................................................................................९

२.३ राजनीतिक तथा भौगोलिक अवस्थिति...................................................................................१०

२.४ क्षेत्रफल, भू-वनौट तथा भूउपयोग........................................................................................१०

२.५ ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरु.......................................................१०

२.६ स्थानीय चाडपर्व जात्रा तथा मेला.......................................................................................११

२.७ जनसंख्या  तथा घरधुरी संख्या............................................................................................११

२.८ प्रमुख जातजाति अनुसारको जनसंख्या विवरण.......................................................................१२

२.९ मातृभाषा अनुसारको जनसंख्या विवरण.................................................................................१२

२.१० धर्म अनुसारको जनसंख्या विवरण......................................................................................१३

२.११ विकास र गरिबी......१३

२.१२ शिक्षा सम्बन्धी विवरण......१४

२.१३ स्वास्थ्य सम्बन्धी विवरण......१४

२.१४ खानेपानी सम्बन्धी विवरण......१४

२.१५ यातायात पूर्वाधार......१४

२.१६ कृषि योग्य जमिन र मुख्य बालीहरु......१५

२.१७ सिंञ्चित क्षेत्र......१५

२.१८ बराहताल गाउँपालिकाका अवसर, चुनौति र समस्याहरू......१५

२.१९ बराहताल गाउँपालिकाको विकासका संम्भावनाहरू......१६

परिच्छेदः ३......१७

३.१ संस्थागत क्षमता विकासका तीन आयाम......१७

३.२ बराहताल गाउँपालिकाको संस्थागत क्षमता विकास लेखा जोखा......१८

३.३ मानव संसाधनको क्षमता विकास लेखाजोखा......१८

३.४ सेवा बजारहरुको क्षमता विकास लेखा जोखा......१९

३.५ संस्थागत संरचनागत अवस्था (लेखाजोखा)......२०

३.५.१ भौतिक पूर्वाधारको क्षमता विकास लेखाजोखा......२०

३.५.२ गाउँपालिका तथा वडा कार्यालय रहेका अन्य अचल सम्पत्तिहरुको विवरण......२१

३.६ स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजा विश्लेषण......२२

३ ७.स्थानीय तह स्वमूल्याङ्कनका विषयक्षेत्रहरू......२३

३ ८.स्थानीय तह स्वमूल्याङ्कनका सुचकहरु......२४

परिच्छेद ४ समग्र योजना खाका......३०

४.१ स्थानीय सरकारको क्षमता विकास एक परिचय......३०

४.१.२ संस्थागत क्षमता विकास एक परिचय......३०

४.१.३ मानव संसाधन विकास एक परिचय......३०

४.२ वर्तमान अवस्था......३१

४ ३.संभावना र अवसर......३१

४.४ समस्या तथा चुनौति....................................................................................................३१

४. ५ सोच........................................................................................................................३१

४.६ क्षमता विकासको लक्ष्य ......................................................................................................३१

४.७ क्षमता विकासको उद्देश्य......................................................................................................३२

४.८ संस्थागत क्षमता विकासको रणनीति तथा कार्यनीत .......................................................................३२

४९. संस्थागत क्षमता विकासका प्रमुख योजनाहरु ..........................................................................३३

४.१० मानव संसाधन विकासका प्रमुख योजनाहरु............................................................................ ३४

४.११ प्रमुख उपलब्धिहरु......................................................................................................... ४५

परिच्छेदः ५ .................................................................................................................... ४६

५.१ क्षमता विकास योजना कार्यान्वयन रणनीति र कार्य योजना....................................................... ४६

५.२ उद्देश्य.......................................................................................................................... ४६

५.३ कार्य क्षेत्र..................................................................................................................... ४६

५.४ योजना कार्यान्वयनको रणनीति..............................................................................................४८

५.५ कार्यान्वयनका सिद्धान्तहरु ................................................................................................. ४९

५.६ कार्यान्वयन तालिका .......................................................................................................... ४९

परिच्छेदः ६ .....................................................................................................................५०

६.१ कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्यांकन.............................................................................५०

६.२ योजना कार्यान्वयनको अनुगमन तथा मूल्यांकन..............................................................................५०

६.२.१ नियमित अनुगमन..............................................................................................................५०

६.२.२ मध्यावधिक समिक्षा ........................................................................................................५१

६.२.३ आयोजना कार्यन्वयन समाप्ति पछिको मुल्यांकन.......................................................................५१

६.२.४ प्रभाव मुल्यांकन..............................................................................................................५१

अनुसूचीहरु..................................................................................................................... ५२

अनुसूची १. स्थानीय तहको क्षमता लेखाजोखा.............................................................................. ५२

अनुसूची २. स्थानीय सरकारको संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा.............................................. ६०

अनुसूची ३. आपूर्तिमा आधारित क्षमता विकास आवश्यकता पहिचानका लेखाजोखा (अनुसूची ५ मा आधारित)....६२

अनुसूची ३.१ ऐन, नियम, विधि र प्रणालीको स्थापनाको अवस्था ....................................................६५
अनुसूची ३.२ नयाँ अवधारणा, नीति तथा सूचना प्रविधिको उपयोग.................................................... ६८
अनुसूची ३.३ बराहताल गाउँपालिकाको वर्तमान शाखा तथा १० वटै वडाका कर्मचारी तथा पूर्वाधार अवस्थाको विश्लेषण ..........................................................................................................६९
अनुसूची ४. स्थानीय सरकारको विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा फाराम (विषय क्षेत्रगत रूपमा स्थानीय सरकारको मानव संसाधन विकास योजना)...........................................................................७१
अनुसूची ५. स्थानीय सरकारको विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा फाराम (शाखागत रूपमा) .......... ७९
अनुसूची ६ क्षमता विकाससंग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरू.......................................... ८३
अनुसूची ७ स्थानीय सरकारको संस्थागत क्षमता विकास योजना.........................................................८४
अनुसूची ८ स्थानीय सरकारको विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा फाराम शाखागत रूपमा ............ ८६
अनुसूची ९. क्षमता विकास योजना अनुगमन तथा कार्यान्वयन समन्वय समिति ......................................... ९०
अनुसूची १० कार्यक्रममा सहभागीहरुको उपस्थितिः...........................................................................९१
अनुसूची ११ कार्यक्रमका झलकहरूः............................................................................................ ९२
अनुसूची १२ बराहताल गाउँपालिकाले जारी गरेका ऐन, कार्यविधि, निर्देशिका र नियमावलीहरुको विवरण ..........९३
सन्दर्भ सामाग्रीहरु ..........................................................................................................९४

तालिका १ जनसंख्या तथा घरधुरी संख्या ११
तालिका २ जातजाती अनुसारको जनसंख्या विवरण १२
तालिका ३ मातृभाषा अनुसारको जनसंख्या विवरण १३
तालिका ४ धर्म अनुसारको जनसंख्या विवरण १३
तालिका ५ विकास र गरिबी १४
तालिका ६ सेवा बजारहरुको क्षमता विकास लेखाजोखा १९
तालिका ७ गाउँपालिका तथा वडा कार्यालय रहेका अचल सम्पत्तिहरुको विवरण २०
तालिका ८ अचल सम्पत्तिहरुको विवरण २१
तालिका १० बराहताल गाउँपालिकाको संस्थागत क्षमता विकास योजनाको ढाँचा (अनुसूचि ७ मा आधारित) ३३
तालिका ११ बराहताल गाउँपालिका मानव संसाधन विकास योजनाको ढाँचा (अनुसूचि १० मा आधारित) ३४

परिच्छेदः १

## १.१ पृष्ठभूमी

स्थानीय सरकारको संस्थागत क्षमता विकास एक प्रकृया हो जसका माध्यमबाट स्थानीय सरकारको संस्थागत विकास र कार्यरत कर्मचारी, प्रतिनिधि र साझेदार लगायत लक्षित समूह सम्मका सेवालाई प्रभावकारी बनाउने उपायहरुको खोजि गरी योजना बनाएर सोको कार्यान्वयनका माध्यमबाट संस्थागत सेवा प्रवाहलार्यलाई चुस्त, छिटो, सरल, कम झन्झटिलो तथा पारदर्शी बनाउन सकिन्छ । सामान्यतया क्षमता विकास योजना बनाउदा निम्न कार्यहरुलाई ध्यान दिईन्छ । नेपालको संविधान २०७२ अन्तर्गत स्थापित स्थानीय सरकारहरूले आफ्नो भूमिका निर्वाह गर्दै जवाफदेहितालाई दिगो ढंगले वहन गर्न उनीहरूले काम गर्ने तौरतरिका तथा योजना तर्जुमाको शैली र चिन्तन परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ । यिनै विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकारका अवयवहरूको (संस्थागत र संगठनात्मक व्यवस्था, मानव संसाधन तथा भौतिक पूर्वाधार) क्षमतामा सुधार ल्याउन आवश्यक छ ।



मानवीय सीप र क्षमताको अधिकतम उपयोग गर्दै काममा नयाँपन तथा शैलीलाई सिर्जनशील एवम् परिणाम मुखी नबनाए सम्म सेवा प्रवाह गर्ने निकायहरूको संस्थागत क्षमताको दीर्घकालीन विकास हुँदैन । स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आमनागरिकका अपेक्षा र चाहना अनुरूपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्था प्रति पनि नागरिकहरूमा नैराश्यता बढ्छ । तसर्थ, सबै स्थानीय सरकारले मानव संसाधन, विधि र कार्यप्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा वृद्धि गरी नागरिक प्रति पूर्णरूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक छ । संघीयताको सफल कार्यान्वयनमा स्थानीय तहको योजना तर्जुमाको महत्वपूर्ण भूमिका हुने भएकाले यो क्षमता विकास दिग्दर्शन तयार गरिएको छ । स्थानीय सरकारलाई आवश्यकतामा आधारित क्षमता विकास योजना तर्जुमा गर्न तथा उक्त योजनाको कार्यान्वयनबाट नागरिकहरूका लागि मितव्ययी तरिकाले गुणात्मक सेवा प्रदान गर्न सहज होस् भन्ने अभिप्रायले स्थानीय सरकार सञ्चालन ऐनको दफा ११४ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार भएको “क्षमता विकास योजना तर्जुमा दिग्दर्शन, २०७६” अनुरुप यो बराहताल गाउँपालिकाको ३ वर्षे क्षमता विकास योजना तयार गरिएको छ । किन भने हाल स्थानीय तहहरु नागरिकका घर दैलोका सरकार हुन। नेपालको संविधानले स्थानीय तहलाई प्रशस्त विधायिकी, न्यायिक र कार्यकारी अधिकार प्रदान गरेको हुँदा सबै स्थानीय तहहरु संस्थागत रुपमा सवल, पूर्ण प्रजातान्त्रिक, कुशल नेतृत्वका र पूर्ण जिम्मेवारीका साथ प्रभावकारी ढंगले सेवा प्रवाह गर्न सक्षम हुनु जरुरी छ ।
भूगोल र जनता स्थानीय सरकार नजिक भएको हुँदा स्थानीय तहहरु नागरिकको जीवनस्तर सुधारका लागि एकीकृत कार्य गर्ने जिम्मेवार निकाय हुन् । संविधान प्रदत्त एकल र साझा अधिकार र जिम्मेवारीहरूलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटो, छरितो, कम झन्झटिलो, पारदर्शी र गुणात्मक सेवा प्रवाह प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको कार्यक्षेत्रमा रहेको छ । स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कत्तिको कुशल रूपमा सम्पादन हुन्छन् भन्ने कुरा विभिन्न पदीय जिम्मेवारीमा रहेका कर्मचारी तथा जननिर्वाचित प्रतिनिधिहरूको क्षमतामा भर पर्दछ । तर अधिकांश स्थानीय सरकारहरु बहुआमिक चुनौतिहरुको सामना गर्नुपर्ने अवस्थामा छन् । ती मध्ये कर्मचारी तथा प्रतिनिधिमा क्षमताको कमि अधिक भएको पाईन्छ । यस्तो अवस्थामा स्थानीय सरकारबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो र परिणाममुखी बनाउनु पर्ने कानूनी र नैतिक दायित्व रहेको तर जिम्मेवारीका अनुपातमा पूर्ण कार्य क्षमतामा कमि हुँदा सेवा प्रवाह चुस्त नहुन सक्छ । नागरिकका न्युनतम आवश्यकता पहिचान गर्न सकिदैन । विकासका कार्यहरुको प्राथमिकिकरणमा अलमल हुन्छ । समृद्धिको यात्रा कहाँबाट सुरु गर्ने भन्नेमा अलमल हुन्छ । विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउदै नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न नसकेको हुन सक्छ ।

यसै परिप्रेक्षलाई ध्यानमा राखि स्थानीय तहका कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरुको क्षमता विकास र कार्य संम्पादनमा सुधार लगायतका अन्य संस्थागत सुधार लगायतका कार्य गर्न सुर्खेत जिल्ला बराहताल गाउँपालिकाको ३ वर्षे क्षमता विकास योजना तयार गर्न बराहताल गाउँपालिका र एमपिएस म्यानेजमेन्ट एण्ड कन्सल्टिङ् प्रा.लि कोटेश्वर काठमाडौं बीच मा सम्झौता भएको हो ।

### १.२ क्षमता विकास योजनाको लक्ष्य

बराहताल गाउँपालिकाको संस्थागत तथा मानव संशाधन क्षमता अभिवृद्धि गरी  विकास व्यवस्थापन तथा सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय र पारदर्शी बनाउन योगदान पुऱ्याउने ।

### १३ क्षमता विकास योजनाको उद्देश्य.

बराहताल गाउँपालिकाको कार्यालयमा विभिन्न जिम्मेवारीका पदमा रहेका कर्मचारी तथा नेतृत्व तहको जिम्मेवारीका अनुपातमा पूर्ण कार्य क्षमतामा कमी हुँदा सेवा प्रवाह चुस्त नहुन सक्छ र नागरिकका न्युनतम आवश्यकता पहिचान गर्न नसकि विकासका कार्यहरुको प्राथामिकि करणमा अलमल भै समृद्धिको यात्रा नै अलमलमा पर्न गएको अवस्थालाई संवोधन गर्न जरुरी छ ।

क्षमता विकास योजना तयार गर्नुको मूल उद्देश्य योजनाको कार्यान्यिनबाट बराहताल गाउँपालिकाको कार्य सम्पादनमा सुधार ल्याउने हो । साथै क्षमता विकास योजना तर्जुमाको अर्को उद्देश्य भनेको विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाई संस्थागत विकास गरी नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्नसक्ने बनाउन संस्थागत क्षमता र मानव संसाधनमा रहेको क्षमताको कमीलाई पहिचान गरी क्षमता विकासका उपायहरुको खोज तथा विश्लेषण गरी ३ वर्षे योजना खाका ९२०८१/२०८२-२०८२/२०८३ तयार गर्नु हो । यसका निहित उद्देश्यहरु यसप्रकार छन्,

- स्थानीय सरकारको सवल र कमजोर पक्षहरूको पहिचान लगायत संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालयबाट तयार पारिएको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ को विधि र प्रकृया अपनाई संविधान तथा प्रचलित कानूनहरूबाट स्थानीय सरकारलाई प्राप्त अधिकार अनुरूप जनउत्तरदायीपूर्ण ढंगबाट कार्य सम्पादन गर्नका लागि संस्थागत र मानव संसाधनको क्षेत्रमा रहेको अभाव पहिचना र सोको परिपूर्ति गर्न क्षमता विकासका आश्यक उपायहरुको सहभागितामूलक ढंगबाट पहिचन गरी विस्तृत योजना खाका तयारी गर्नु ।
- यो योजना कार्यन्वयनका लागि आवश्यक स्रोत साधनको आंकलन र परिपूर्तिका विभिन्न स्रोत र उपायहरुको खोजि गर्ने ।
- प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप, धारणा र विद्यमान क्षमता बीचको फरक पहिचान र आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गर्न मार्गदर्शन गर्नु ।

### १ ४ औचित्य.

नेपालको संविधानमा स्थानीय तहलाई नागरिकको घरदैलोको सरकारका रूपमा व्यवस्था गरी  विधायिकी, कार्यकारी र न्यायिक अधिकारहरू प्रदान गरिएको छ । अतः स्थानीय सरकारले नागरिकको जीवनस्तर सुधारका लागि सुशासन सहित विकास र सेवा प्रवाहको वातावरण तयार पारी सबैले महशुस गर्नेगरी विकास र समृद्धिका लागि अगाडी बढनुपर्ने हुन्छ । पारदर्शी, समावेशी, जवाफदेही ,जनउत्तरदायी शासनको प्रवर्द्धन र स्थानीयस्तरमा सेवा र सुविधाको प्रवाहलाइ सुदृढ गर्न सेवा प्रवाह तथा विकास कार्यमा प्रत्यक्ष रुपमा संलग्न कार्यरत कर्मचारी तथा जनप्रतिनिधिको क्षमता  अभिवृद्धि र आवश्यक नीति तथा कानुको तर्जुमा र अद्यावधीक गर्न जरूरी छ ।

परिवर्तित सन्दर्भ अनुसारको जिम्मेवारी पुरा गर्न स्थानीय सरकारहरूमा उपयुक्त संस्थागत व्यवस्थाको स्थापना, आवश्यक कर्मचारीहरू प्राप्ती तथा प्राप्त अधिकार क्षेत्रमा सेवा प्रदान तथा विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयनमा निरन्तर सुधार ल्याउन जरूरी हुन्छ । जसका लागि स्थानीय सरकारको विद्यमान क्षमताको अध्ययन तथा विश्लेषणको आधारमा योजना तर्जुमा गरी कार्यान्वयन गर्दै जानुपर्ने हुन्छ । स्थानीय सरकारलाई प्राप्त अधिकारहरूको प्रयोग गर्न गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारीहरू र तीनका साझेदारहरूको क्षमता विकासले मात्र जनचाहना अनुसार काम गर्न सकिने हुनेछ । यसका लागि गाउँपालिकाका विभिन्न विषयगत निकायहरूका बीचमा समन्वय र सम्बन्ध स्थापना गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने जिम्मेवारी गाउँपालिकाको काँधमा आएको छ । क्षमता विकास योजना तर्जुमा गर्नुका अन्य विशिष्ट कारणहरू देहाय बमोजिम रहेका छन् ।

- संविधान प्रदत्त अधिकार र जिम्मेवारीहरूलाई प्रभावकारी रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटो, छरितो, कम झन्झटिलो, पारदर्शी र गुणात्मक सेवा प्रवाह प्रवाह गर्न,
- गाउँपालिका बाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो र परिणाममुखी बनाउनु पर्ने कानुनी र नैतिक दायित्व बोध गराउन,
- गाउँपालिकाको अधिकार र जिम्मेवारीहरू प्रभावकारी रूपमा सम्पादन गर्न जननिर्वाचित प्रतिनिधि र कर्मचारीको क्षमता विकास गर्न,
- आपूर्तिका साथै मागमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरी आवश्यकता बोध गरेका क्षेत्रमा ज्ञान, सीप र धारणा विकास तथा जनउत्तरदायी शासन प्रणाली स्थापित गर्न ।

**१ ५ क्षमता विकास योजना निर्माणका आधारहरू.**

क्षमता विकास योजना तयार गर्दा नेपालको संविधानमा उल्लेखित मौलिक हक र कर्तव्य, नीति र निर्देशक सिद्धान्त र संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय सरकारहरूका एकल र साझा अधिकारहरूको उपयोग गर्नुपर्ने कुराहरूलाई मध्येनजर गरिएको छ । स्थानीय तहका विषयगत शाखाहरूको कार्य कुशलतामा अभिवृद्धि गर्न र सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ को ढाँचा बमोजिम यो सरोकारवाला सबैको सहभागितामा तयार पारिएको छ। यसका अलावा तपशिलमा उल्लेखित कानूनी आधारमा समेत बराहताल गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा गर्ने विषयलाई थप पुष्टि गर्दछ ।

- नेपालको संविधानको अनुसूची ८ मा उल्लेख गरिएका अधिकारहरूको प्रयोग गर्न ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेका काम, कर्तव्य र अधिकार (१७ वटा विभिन्न कार्यक्षेत्रहरू तोकिएका, स्थानीय तहको अधिकार सूचीमा २२ प्रकारका अधिकार संघ र प्रदेशसँग मिलेर गर्नु पर्ने १५ प्रकारका अधिकार) को प्रयोग गर्न ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११४ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट "क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६" का आधारमा आवश्यकतामा आधारित क्षमता विकास योजना तर्जुमा गरी सोको कार्यान्वयनबाट सेवाग्राहीलाई चुस्त र दुरूस्त सेवा दिन ।
- दिगो विकासको लक्ष्य २०३० का अन्तरवस्तुहरूको परिपूर्ति गर्न ।

- संघ तथा प्रदेशबाट प्राप्त मार्ग निर्देशनहरू पालन गर्न र संघीय तथा प्रादेशिक योजनाहरू कार्यान्वयन गर्न सक्ने बनाउन ।

## १.६ क्षमता विकास योजना तर्जुमा प्रकृया

क्षमता विकास योजना तयारी एकै पटक र सामान्य ढंगले हुने कुरा होईन । यसको प्रयोजनका लागि निश्चित चार चरणका कार्यहरु गरी योजना तर्जुमा पुरा गरिएको छ । जो तल चित्रमा प्रस्तुत गरिएको छ ।



### १.६.१ क्षमता विकास समन्वय समिति गठन

क्षमता विकास योजना तयारी दिग्दर्शन, २०७६ ले निर्दिष्ट गरेका जिम्मेवारीहरुका लागि गाउँकार्यपालिकाका सदस्यहरु समेत सहभागी रहेका अनुशिक्षणका सहभागीहरुको निर्णयबाट बराहताल गाउँपालिकाका अध्यक्ष श्री भिमबहादुर भण्डारीको संयोजकत्वमा कार्यदल गठन गरिएको थियो । जस्को नामावली यो प्रतिवेदनको अनुसूची ९ मा प्रस्तुत गरिएको छ भने क्षमता विकास समन्वय समिति लाई निम्न अनुसारका जिम्मेवारीहरु दिइएको छ ।

- संस्थागत तथा मानव संशाधन क्षमता विकास योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- क्षमता विकास सम्बन्धी नीति तथा रणनीतिहरू तर्जुमा गरी बराहताल गाउँकार्यपालिका मार्फत् सभाबाट पारित गराउने र कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्ने ।
- क्षमता विकास योजनालाई वार्षिक रुपमा अद्यावधिक गर्ने गराउने,
- क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,
- स्थानीय सरकारको क्षेत्रभित्र सञ्चालन हुने क्षमता विकासका कार्यक्रमहरू बीच समन्वय गर्ने गराउने,
- समितिले सूचकमा आधारित भई क्षमता विकास कार्यक्रमको अनुगमन गर्ने,
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमको अनुगमन र समीक्षा गर्ने,
- क्षमता विकास सम्बन्धमा अन्य सहयोगी निकायहरू विच समन्वय गर्ने,
- क्षमता विकास सम्बन्धी अध्ययन, अन्वेषण गर्ने गराउने,
- क्षमता विकास सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने ।

### १.६.२ क्षमता विकासको योजना तर्जुमा प्रक्रिया बारे एक दिने अभिमुखीकरण

मिति २०८१ वैशाख ३१ गतेका दिन बराहताल गाउँपालिकाका कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखा प्रमुख लगायत कर्मचारीहरु संस्थाका प्रतिनिधिको उपस्थितिमा एक दिने अनुशिक्षण गरियो । सो अनुशिक्षण पश्चात विभिन्न चरणको छलफलबाट निम्न अनुसारको लेखाजोखा गरियो ।

### १.६.३ मागमा आधारित संस्थागत क्षमता विकास आवश्यकताको लेखाजोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूचि २ मा तोकिएको ढाँचा अनुसारका पाँच वटा विषयगत क्षेत्रमा सम्बन्धित शाखा/एकाईका प्रमुखहरू सानो-सानो समूहमा छलफल गराई स्व-मूल्यांकन विधिबाट संस्थागत क्षमता लेखाजोखाका लागि विवरण संकलन गरी संकलित विवरणहरूको विश्लेषणबाट गाउँपालिका लाई आवश्यक महसुस गरिएका मागमा आधारित संस्थागत क्षमता विकासका आवश्यकता पहिचान गरियो ।

### १.६.४ नेतृत्व तहको क्षमता विकास आवश्यकताको लेखाजोखा

बराहताल गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष लगायत वडा अध्यक्ष, कार्यपालिका सदस्य र गठित समिति, उपसमितिका संयोजकहरूका लागि पनि सानो-सानो समूहमा संवाद गरी क्षमता विकास योजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूचि ३ मा तोकिएको ढाँचा अनुसार नेतृत्व क्षमता लेखाजोखाका लागि स्व-मूल्यांकन विधिबाट विवरण संकलन गर्ने कार्य गरि नेतृत्व तहले आवश्यकता महसुस गरेको संस्थागत क्षमता विकासको आवश्यकता पहिचान गरियो ।

### १.६.५ आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा

सीमित संख्यामा बराहताल गाउँपालिकाका पदाधिकारीहरु सँगै बसेर कार्य सम्पादन अवस्थाको अवलोकन गर्दै सम्पादन गरेका कार्यहरूको समीक्षा गर्दै स्थानीय सरकारको संस्थागत स्व–मूल्यांकन दस्तावेजहरूको नतिजाको अध्ययन गरि अनुसूचि ५ को उपयोगबाट आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा गरिएको थियो ।

### १.७ क्षमता विकास सगसम्बन्धित स्रोत व्यक्ति र सरोकारपक्षहरूको पहिचान

योजना तर्जुमा कै समयमा सहभागितामूलक विधि र हाम्रो अनुभवका आधारमा अनुसूचि-६ अनुसार विभिन्न प्रकारका क्षमता विकास कार्यका लागि आवश्यक पर्ने स्रोत व्यक्ति र सरोकारवालाहरुको पहिचान गरिएको थियो ।

**क. संस्थागत क्षमता विकास योजना कार्यान्वयनको समय र बजेट आंकलन तथा लागत व्यहोर्ने स्रोत पहिचान**

संस्थागत क्षमाता विकासका लागि क्षमता विकासको प्रकृति अनुसारको समय र स्रोत व्यक्ति वा संस्था आवश्यक पर्ने हुदा छलफलकै माध्यमबाट समय निर्धारण गरियो र आवश्यक बजेटको हकमा कर्मचारी बढी अनुभवि हुने हुँदा अधिकांश बजेट आंकलन उहाँहरुको अनुभवबाट र पहिचान गरिएका क्षमता विकास सग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरूसगको संवादका माध्यमबाट तय गरिएको थियो । त्यसैगरी आवश्यक पर्ने लागत व्यहोर्ने स्रोतपनि छलफल बाटै तय गरिएको थियो ।

**ख. शाखागत र विषयगत रुपमा मानव संसाधनको क्षमता लेखाजोखा**

पदाधिकारी र कर्मचारीसँगको छलफलका आधारमा दिग्दर्शनको अनुसूचि-८ अनुसार स्थानीय सरकारको शाखागत रूपमा रुपमा विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा गरि ज्ञान, सीप र दक्षता वृद्धिका लागि अपेक्षा गरिएको क्षमता विकास कार्यक्रम (विषयवस्तु) शाखाकै कर्मचारीहरुबाट प्रस्ताव गरियो ।

**ग. संस्थागत क्षमता विकास र मानव संसाधन विकास योजना लेखन चरणः**

उपरोक्त विभिन्न स्तरको अध्ययन, स्वमूल्यांकन तथा विश्लेषण पछि क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ को अनुसूचि ७ र १० मा उल्लेख भएको फारामको ढाँचामा स्थानीय सरकारको संस्थागत क्षमता विकास योजना र स्थानीय सरकारको मानव संसाधन विकास योजना तयार गरियो र सो को आधारमा समग्ररुपमा स्थानीय सरकारको ३ वर्षे क्षमता विकास योजना तयार गरियो ।

**घ. प्रारम्भिक प्रगतिबारे प्रस्तुतीः** बराहताल गाउँपालिकामा अध्ययन तथा क्षमता लेखाजोखा र क्षमता विकासका उपायहरुको पहिचान गर्ने, आवश्यक लागत तय गर्ने तथा कार्यान्वयनको समय सीमा र लागत व्यहोर्ने स्रोत पहिचान पछि को संश्लेषण गरी गाउँपालिका तहमा प्रारम्भिक उपलब्धी र प्रगतिबारे छलफलका माध्यमबाट प्रस्तुति गरीयो ।

**ङ. क्षमता विकास योजनको मस्यौदा प्रतिवेदन तयारी र प्रस्तुतीः**

क्षमता लेखाजोखा र क्षमता विकासका उपायहरुको पहिचान गर्ने, आवश्यक लागत तय गर्ने तथा कार्यान्वयनको समय सीमा र लागत व्यहोर्ने स्रोत पहिचान पछिको समग्र विश्लेषण गरी मस्यौदा प्रतिवेदन तयार गरी आवश्यक अध्ययन र सुझावका लागि बराहताल गाउँपालिकामा पठाईएको थियो ।

क्षमता विकास योजनाको वैधानिकता र अन्तिम प्रतिवेदन पेशः बराहताल गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरु विच छलफल र पृष्ठपोषणका लागि सहजिकरण गरिएको कार्यशाला बाट प्राप्त सुझावहरुलाई समेत समावेश गरी यो अन्तिम प्रतिवेदन पेश गरिएको हो ।

छ. क्षमता विश्लेषण र योजना तर्जुमाका अपेक्षित नतिजाहरू

- बराहताल गाउँपालिकामा कार्यरत कर्मचारी तथा पदाधिकारीहरूको समग्र क्षमता अभिवृद्धिका लागि विस्तृत कार्ययोजना तयार पारी कार्यान्वयनका लागि ठोस नीति तयार भएको हुनेछ ।

- बराहताल गाउँपालिकाको समग्र संस्थागत क्षमता विकासका लागि प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक सुधारका क्षेत्रहरूको पहिचान भई ठोस कार्यको योजना तयार हुनेछ ।
- बराहताल गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा भई सोको कार्यान्वयनबाट गाउँपालिका तथा सहयोगी निकायहरूको कार्यसम्पादन स्तरमा सुधार भएको हुनेछ ।
- क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक स्रोत तथा साधनहरूको एकिन भई सोको परिपूर्तिका लागि सरोकारवालहरूलाई मार्ग दर्शन प्राप्त भएको हुनेछ ।
- स्थानीय विकास प्रक्रिया, सेवा एवं सुविधामा अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय र पिछडिएको तथा आर्थिक रूपले विपन्न वर्गको पहुँच वृद्धि गर्न सहयोग पुग्नेछ ।

### १.८ अध्ययनको सीमा

बराहताल गाउँपालिकाको समग्र क्षमता विकास योजना तर्जुमा जस्तो गहन क्षेत्रको अध्ययनबाट अपेक्षा गरिए अनुसारका नतीजा प्राप्त गर्न विभिन्न चरणमा भौतिक, वित्तीय एवं जनशक्तिका सीमितताबाट यो क्षमता विकास योजना पनि अछुतो रहेको छैन । बराहताल गाउँपालिकाको क्षमता विकास सम्वन्धी योजना तयारीका क्रममा रहेका प्रमुख सिमाहरू निम्न अनुसार रहेको छन् ।

- क्षमता विकास योजना गाउँपालिकामा कार्यरत जनप्रतिनिधि, कर्मचारी, विषयगत शाखा, सघं-संस्थासँगको छलफल र अन्तरकृयाबाट तयार पारिएकोले समूहगत चासोले प्रभाव पारेको हुन सक्ने र सबै सेवाग्राहीको भावना सम्पूर्ण रूपमा नसमेटिएको हुन सक्छ,
- विद्यमान स्थानीय सरकार सञ्चालन ऐन २०७४, गाउँपालिकाका अन्य ऐन, नियम, कार्यविधि र स्थानीय तह सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेशका आधारमा तयार गरिएको तर कतिपय कानूनहरू नयाँ बन्ने क्रममा पनि रहको हुँदा अन्य धेरै महत्वपूर्ण विषय छुटेका हनु सक्छन्,
- गाउँपालिकाको क्षमता विकास योजनालाई कार्यान्वयन गर्न संघ, प्रदेश एवम् विकास साझेदारबाट आर्थिक, प्राविधिक सहयोगको अपेक्षा गरिएको छ जुन अपेक्षा गरे अनुरूप प्राप्त नहुन सक्छ,
- योजना कार्यान्वयनका लागि श्रोत साधनको आंशिक मात्रामा यथार्थ एकिन भएको अवस्थामा योजना तयार गरिएको हुँदा कार्यान्वयनमा श्रोत साधनको उपलव्धता र खर्च व्यवस्थापनमा जोखीम रहन सक्छ,

परिच्छेदः २

## २.१ बराहताल गाउँपालिकाको परिचय

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको कर्णाली प्रदेश अन्तर्गत पर्ने सुर्खेत जिल्लाको सदरमुकाम बिरेन्द्रनगर देखि करिब ३० किलोमिटर दुरीमा रहेको बराहताल गाउँपालिका जिल्लाको पश्चिम क्षेत्रको रमणीय स्थानमा अवस्थित प्राकृतिक तथा भौतिक, साँस्कृतिक श्रोत सम्पन्न गाउँपालिका हो । जिल्लाका ९ वटा स्थानीय तहहरूमा क्षेत्रफलका हिसाबले सबैभन्दा ठुलो (४५५.०९वर्ग कि.मी.) यो गाउँपालिका स्रोत तथा संम्भावनाका हिसाबले अन्य गाउँपालिका भन्दा सक्षम तर विकासका हिसाबले पिछडिएको मानिन्छ । उत्पादनको क्षेत्रमा यो गाउँपालिकाले सुर्खेतका अन्य गाउँपालिकाहरू सरह उदाहरणीय भुमिका खेलेको छ । मुख्य गरि वनजंगल, वनपैदावार र कृषि उत्पादनलाई मुख्य आम्दानीको स्रोत मानेको यस गाउँपालिकाको कुनाथरीलाई मुख्य व्यापारीक केन्द्र बनाई काठ र तरकारी निर्यातका लागि प्रसिद्ध स्थलनको रुपमा मानिदै आएको छ यस गाउँपालिकाको आक्षांश २८ डिग्री ३०'५४ "देखि २८ डिग्री ४४'१२" उत्तर सम्म र देशान्तर ८१ डिग्री १८'४३" पूर्व देखि ८१ डिग्री ३७'०४" पूर्व सम्म फैलिएको छ । साविकका हरिहरपुर, तरङ्गा, कुनाथरी, पोखरीकाडा र लेखगाँउ गरि ५ वटा गा.वि.स.हरुलाई समावेश गरि बराहताल गाउँपालिका घोषणा भएको हो । यस गाउँपालिकाको केन्द्रको रूपमा हाललाई साविकको कुनाथरी गा.वि.स.को बड्डीचौर क्षेत्रलाई तोकिएको छ । जनचाहना र आवश्यकताको सम्बोधन गर्ने हेतुले यस गाउँपालिकाले सरकारी निकायका सेवा केन्द्र र गैरसरकारी संघ/संस्थाहरूसँग समन्वय गरि कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ । यस गाउँपालिकामा उपलब्ध स्रोतहरू मध्ये प्राकृतिक स्रोतका रुपमा वनजंगल, जडिबुटी यहाँको आर्थिक समृद्धि र विकासको एक बलियो आधार हो । त्यसै गरि कृषि र पशुजन्य वस्तुहरूको उत्पादन पनि उल्लेख्य मात्रामा आन्तरिक आम्दानीको मुख्य स्रोतको रुपमा मानिन्छ । राजनैतिक दलको आपसी सहकार्य बराहताल गाउँपालिकाको सामूहिक विकासका लागि केन्द्रित रहेको देखिन्छ । विभिन्न संघ/संस्था, आर्थिक विकासको धरोहर सहकारी, सामूहिक कार्य, व्यवसायिकता जस्ता प्रयासले यहाँका जनताहरू सशक्तिकरणको मार्गमा होमिएको पाइन्छ ।

## २.२ ऐतिहासिक चिनारी र नामाकरण

यस क्षेत्रकै प्रसिद्ध धार्मिक, ऐतिहासिक तथा मनमोहक स्थानको रूपमा परिचित साबिकको तरङ्गा गा.वि.स. वडा नं ६ स्थित बराहतालको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्वलाई विस्तार गर्नका लागि बराहतालको नामबाट नै यस गाउँपालिकाको नाम बराहताल गाउँपालिका राखिएको हो । बराहताल भेरी अञ्चलको सबै भन्दा ठूलो ताल हो । बराहतालको वरिपरि सुंगुर जातको बँदेल बस्ने र यसको रक्षा गर्ने भएकोले यस तालको नाम बराहताल रहेको किम्बदन्ती पाइन्छ । २०० वर्ष अगाडि दैलेखका राजाहरुले यस तालमा शिकार गर्ने स्थलको रुपमा आउने जाने गरेको जनविश्वास रहेको छ । परापूर्व कालमा त्यस तालमा पानी खान आउने बँदेलको शिकार गर्न गएका तरंगाका आदिवासीहरु सिकार गर्न नसकेको र त्यहि दिन राती त्यस क्षेत्रमा बास बस्दा उनिहरुको सपनामा बराह देउता प्रकट भई अब देखि यस तालको वरिपरि सिकार खेल्न, गाई बाखा चराउन पाइदैन, त्यसो गरेमा बंश नाश हुने कुरा गरे पछि त्यस तालको वरिपरि सिकार खेल्न गाई, बाख्रा चराउन बन्द गरिएको भन्ने भनाई भनाई रहेको छ । बराह देउता र बराह बँदेल पुजा गरि आफनो पापबाट मुक्ति पाएको भन्ने भनाई पाइन्छ । तालको वरिपरि वस्ती बस्दा बराह देउता प्रकट भई वस्ती छाड नत्र तिम्रो बंश नाश गरिदिन्छु भने पछि बस्ती सिम्मेपानीमा सरेको स्थानीय जानकारहरुको भनाइ रहेको छ । यस तालमा मात्रै पाइने अनौठो प्रजातीको ना· चराले तालमा खसेका पातहरु चुच्चोले टिपेर ताल देखि टाढा लिएर फाल्ने गरेको छ । चराले ताल सफा गरिरहेको दृश्य अहिले पनि हेर्न सकिन्छ । ताल वरपर विभिन्न प्रजातीका चराचुरुङ्गिहरु खेलीरहेको

दृश्यले साँचिकै पर्यटकिय महत्व दर्शाउछ । यस तालमा खसेका पातहरु चराले सफा गर्ने गर्दछन् । तालको वरिपरिको घना जंगल सुनसान वातावरणले जो कोहिको पनि मन लोभ्याउछ । तालको पूर्व पीश्चम, उत्तर तिरको हरियाली डाँडापाखा जंगली जनावरहरु घोडेल, बँदेल, मृग, बाँदर, गुना देख्न पाइन्छ । तालको उत्तर र दक्षिण पट्टि एउटा अनौठो करिव २५ फिट लम्बाई र एक क्वीन्टल बढिको कालो खैरो रंगको अजिंगर देख्न पाइन्छ । ताल भित्र विभिन्न प्रजातीका माछा, कछुवा र पानी सर्पहरुको दृश्य पनि हेर्न पाइन्छ । यस तालमा अष्ट्रेलिया, भारत सहित बाह्य मुलुकका चराहरु ६/६ महिनामा आउने गर्दछन् । यस ताल भित्र बराह देउताको मूर्ति रहेको स्थानीयको भनाइ रहेको छ ।

## २.३ राजनीतिक तथा भौगोलिक अवस्थिति

सुर्खेत जिल्लाका ९ वटा स्थानीय तहहरु मध्ये बराहताल गाउँपालिका हाल संङ्घिय निर्वाचन क्षेत्र नं २ अन्तर्गत पर्दछ । सुर्खेत जिल्लाको पश्चिममा अवस्थित बराहताल गाउँपालिकाको क्षेत्रफल ४५५.०९ वर्ग कि.मी. र वीरेन्द्रनगर नगरपालिका देखि ९ कोषको दुरीमा रहेको छ । यस गाउँपालिकाको पूर्वमा वीरेन्द्रनगर, दक्षिणमा भेरी नदी तथा कैलाली जिल्लाको भाग, उत्तरतर्फ कर्णाली नदी तथा दैलेख जिल्लाको भाग, र पश्चिममा पञ्चपुरी नगरपालिका रहेको छ । समुद्री सतहको ६०० मिटर देखि १२०० मिटर सम्मको उचाइमा अवस्थित यस बराहताल गाउँपालिकाको केन्द्र विन्दु सदरमुकाम वा व्यापारिक क्षेत्रका रूपमा बड्डीचौर बजार रहेको छ । यो गाउँपालिका सुर्खेत उपत्यकाको विस्तारित क्षेत्रको रूपमा रहेको छ र धेरैजसो जंगल क्षेत्र रहेको यस गाउँपालिकाको मोहडा दक्षिणतिर ढल्केर रहेको छ । यो गाउँपालिका जिल्लाको पश्चिमको केन्द्र हो भने पश्चिम नाकाबाट वीरेन्द्रनगर तथा सुर्खेत उपत्यकाको प्रवेशद्वार पनि हो । यो गाउँपालिका प्राकृतिक स्रोत साधनको हिसाबले पनि धनी र नमुनायोग्य मानिन्छ ।

## २.४ क्षेत्रफल, भू-वनौट तथा भूउपयोग

सुर्खेत जिल्लाको पश्चिम भागमा अवस्थित बराहताल गाउँपालिका भौगोलिक दृष्टिले यसको धेरैजसो भू-भाग महाभारत श्रृङ्खलाको मन्द ढालयुक्त पहाडी क्षेत्र, चटान युक्त र कंकड खैरो माटो भएको अधिकांश भाग जंगलले ढाकिएको, साना ताल तलैया, साजघाट, तरंगा उपत्यका, तथा भेरी नदीले बनाएको उपत्यकाहरू, सोतखोला र धनीगाड खोलाले बनाएका किनारीय भुखण्डहरू र महाभारत श्रृङ्खलाका तल्ला होचा पहाडहरूले बनेको छ । समुद्र सतहको ३०० मिटर देखि २२०० मिटरसम्म उचाइमा अवस्थित यस गाउँपालिका पूर्ववाट पश्चिमतर्फ फैलिएर रहेको छ । उर्वर भूमि र विशाल जंगल क्षेत्रले ओगटेको यस गाउँपालिका दोमट बलौटे माटोको भुखण्डले बनेको छ । जिल्लाको भौगोलिक तथा धरातलीय अवस्था अनुसार सुर्खेत जिल्लालाई मुख्यतया चार प्रकारको हावापानी पाइने क्षेत्रहरूमा विभाजन गरिएको छ । सोही भौगोलिक तथा भुधरातलीय क्षेत्रको आधारमा बराहताल गाउँपालिकाको धेरै जसो भू-भाग समुन्द्री सतहको ४०० देखि १५०० मिटरको उचाइमा पर्ने भएकोले यहाँ न्यानो, सुख्खा, उपोष्ण, हावापानी पाइन्छ । महाभारत श्रृङ्खलाको तल्लो भागमा पाइने वनस्पति चिउरी, सिमल, तिजु, बाँझ, कटुस, काफल जातका वनस्पतिहरु पाइन्छन् भने जडिबुटि तर्फ समयो, काउलो, चुत्रो, कुरिलो, टिमुर, तेजपात, सुनगाभा, अमला, हर्रो, बर्रो, शिकारी लहरा, जिवन्ती आदि प्रशस्त मात्रामा पाइनुका साथै बाँस, निगालो जस्ता डोको डालोका लागि चोयायुक्त वनस्पति पनि यहाँ पाइन्छन र कुच्चो तथा झाडुको लागि अम्रिसो, बनस्पती पनि प्रशस्त पाइन्छ ।यस भु-भागमा औषत १०० मि.लि. भन्दा बढी नै वर्षा हुने गर्दछ । यस गाउँपालिकाको केन्द्रविन्दु वा सदरमुकाम भनेर चिनिने बड्डीचौर बजारको उचाई समुद्री सतह देखि ५४८ मिटरमा रहेको छ ।

## २.५ ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरु

बराहताल गाउँपालिकामा विभिन्न ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्वका सम्पदाहरू जस्तै शिवमन्दिर, कालिका मन्दिर, बराहताल, बराह मन्दिर, चुलिडाँडा, धनीगाँड लगायत स्थलहरु रहेका छन् ।मगर, क्षेत्री , ब्राह्मण, ठकुरी तथा दलितको

बाहुल्यता रहेको यस गाउँपालिकामा मुख्यतया दशैं तिहार, माघी, तीज, होली, चैतेदशैं लगायतका चाडपर्वहरू मनाइन्छन् । यस गाउँपालिकामा रहेका मुख्य पर्यटकीय स्थलहरु बासपानी भ्युटावर, गिरिघाट, प्यारागलाईडिङ क्षेत्र बासपानी, भैरभथान मन्दिर, भैरव मिन्दर, गिरिघाट, थापाडेरा, सिस्नेरी, बराहताल तथा हरिहरपुर, लेखपराजुल, लगायत हर्रे सम्मको पैदल मार्ग, गाईनेकाडाको बटुक भैरव, हर्रेकाँडाको भैरव मन्दिर, शिद्धचुली, लेखगाँउको कालभैरव मन्दिर, सुर्खेत जिल्लाकै ठुलो बराहताल, कालीकादेवी थान, शिव मन्दिर, बौद्धविहार, बेथल चर्च, होम स्टे संचालन गर्न सकिने मनकामना मन्दिर, भगवती मन्दिर, धौलेमालिका मन्दीर, रानीवन, देवी थान, नयाँपानी गुफा, लामाखाली डाँडा पिकनिक स्पोर्ट, लखरपाटा, जितगुहारी मष्टोको थान, कालिका गुफा, शिव मुन्दिर, सोतखोला पिकनिक स्पोट, प्यारागलाईडिङ भैरव मन्दिर, कालिका मन्दिर, भैरवस्थान मन्दिर, देवीथान मन्दिर, भोटे गढी, चमेरे गुफा ओदालताल, टाइथापे ढुङ्गा, धपाउन डाँडा, सिमलचौर आदि रहेका छन् ।

### २.६ स्थानीय चाडपर्व जात्रा तथा मेला

नेपाल एक बहुभाषिक, बहुधार्मिक, बहुजाति, बहुसाँस्कृतिक विविधता भएका मानिसहरूको बसोबास भएको एक साँस्कृतिक विविधताले भरिपूर्ण देश हो । नेपालको एक फरक पहिचान भनेकै साँस्कृतिक विविधता हो र नेपालको आर्थिक विकासमा महत्वपूर्ण प्रभाव पार्ने तत्वहरू मध्येको सामाजिक र साँस्कृतिक स्रोत पनि हो । यहाँका विभिन्न पवित्र स्थलहरूमा मन्दिर, गुठी, चर्च, परम्परागत सँस्थाहरू र पर्यटकीय सार्वजनिक स्थलहरू पर्दछन् । हिन्दु धर्मवालम्वीहरूको बाहुल्यता रहेता पनि यस गाउँपालिकामा वौद्ध, क्रिश्चियन, धर्म मान्ने मानिसहरुको पनि बसोबास रहेको छ । मुख्यतया दशै, तिहार, माघी, तीज, जनैपुर्णिमा, वुद्धजयन्ती, तमुल्होसार, क्रिसमस डे लगायतका चाडपर्वहरू मुख्य रूपमा मनाइन्छ । यहाँ मनाइने मुख्य चाडपर्वको अलवा स्थानीय स्तरमा मनाईने जात्रा तथा मेलाहरु पनि मनाईने गरेको छ ।

### २.७ जनसंख्या तथा घरधुरी संख्या

कुल १० वटा वडामा विभाजन गरिएको यस गाउँपालिकाको जनसंख्या राष्ट्रिय जनगणना प्रतिवेदन २०७८ अनुसार २५,९४३ रहेको छ। जसमध्ये पुरूषको जनसंख्या १२,४६५ र महिलाको जनसंख्या १३,४७८ रहेको छ भने घरधुरी संख्या संख्या ६,१६९ रहेको देखिन्छ । जनसंख्या सम्बन्धी विस्तृत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १ जनसंख्या तथा घरधुरी संख्या**

| वडा नं | घरधुरी संख्या | जनसंख्या | | | औषत घरधुरीको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | ३४२ | १५०४ | ७३२ | ७७२ | ४.४० | ९४.८२ |
| २ | ७१७ | २८७५ | १३७२ | १५०३ | ४.०१ | ९१.२८ |
| ३ | २८६ | १३४२ | ६५८ | ६८४ | ४.६९ | ९६.२० |
| ४ | ६६३ | २७७२ | १३२७ | १४४५ | ४.१८ | ९१.८३ |
| ५ | १२६८ | ५१९९ | २४३३ | २७६६ | ४.१० | ८७.९६ |
| ६ | ५६० | २३४३ | ११२४ | १२१९ | ४.१८ | ९२.२१ |
| ७ | ५४० | २४०५ | ११६८ | १२३७ | ४.४५ | ९४.४२ |
| ८ | ८१८ | ३३५५ | १६४६ | १७०९ | ४.१० | ९६.३१ |
| ९ | ३८९ | १५९१ | ७३४ | ८५७ | ४.०९ | ८५.६५ |
| १० | ५८६ | २५५७ | १२७१ | १२८६ | ४.३६ | ९८.८३ |

| कुल जम्मा | ६१६९ | २५९४३ | १२४६५ | १३४७८ | ४.२१ | ९२.४८ |
|---|---|---|---|---|---|---|

स्रोतः राष्ट्रिय जनगणना प्रतिवेदन २०७८

### २.८ प्रमुख जातजाति अनुसारको जनसंख्या विवरण

यस गाउँपालिकामा सामाजिक संरचनाको दृष्टीकोण बाट विविधता रहेको पाइन्छ । गाउँपालिकाको सामाजिक संरचना हेर्दा वहुभाषिक, वहुधार्मिक, र वहुजातिय संरचना रहेको देखिन्छ । बराहताल गाउँपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी जाति गगर (३०.०६ प्रतिशत) दोस्रोमा क्षेत्री (२५.०६ प्रतिशत) र तेस्रोमा विश्वकर्मा (२३ प्रतिशत) ब्राह्मण (४.८ प्रतिशत) परियार (४.७ प्रतिशत) ठकुरी (४ प्रतिशत) गुरुङ्ग (२.६ प्रतिशत) सन्यासी/दसनामी, राजी (१.५ प्रतिशत) रहेका छन् भने मिजार (१.५ प्रतिशत) रहेका छन । सम्पूर्ण जातजातिको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ जातजाती अनुसारको जनसंख्या विवरण**

| विवरण | प्रतिशत |
|---|---|
| मगर | ३०.६ |
| क्षेत्री | २५.६ |
| विश्वकर्मा | २३ |
| परियार | ४.७ |
| ब्राह्मण - पहाड | ४.८ |
| ठकुरी | ४ |
| गुरुङ | २.६ |
| सन्यासी/दसनामी | १.७ |
| राजी | १.५ |
| मिजार | १.५ |
| जम्मा | १०० |

स्रोतः राष्ट्रिय जनगणना प्रतिवेदन २०७८

### २.९ मातृभाषा अनुसारको जनसंख्या विवरण

यस गाउँपालिकामा अधिकांश मानिसहरु नेपाली भाषाको प्रयोग गर्दछन् सबैभन्दा बढी अर्थात नेपाली भाषा बोल्ने (९०.७ प्रतिशत) रहेको देखिन्छ । नेपाली भाषाको वर्चस्व रहेको यस गाउँपालिकामा नेपाली बाहेक मगर ढुट (७.३ प्रतिशत) मगर, भाषा बोल्छन भने राजी, जुम्ली, गुरुङ्ग, लगायतका भाषा वोल्नेहरुको संख्या तुलनात्मक रुपमा न्यून रहेको देखिन्छ । सबै आ–आफ्ना भाषा बोल्नेहरुले समेत सरकारी भाषाका रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझने गरेको देखिन्छ । यस गाउँपालिकामा बोलिने मातृभाषा सम्बन्धी वितरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३ मातृभाषा अनुसारको जनसंख्या विवरण**

| विवरण | प्रतिशत |
|---|---|
| नेपाली | ९०.७ |

| | |
|---|---|
| मगर ढुट | ७.३ |
| राजी | ०.९ |
| जुम्ली | ०.५ |
| गुरुङ | ०.४ |
| अन्य | ०.१ |
| नेपालभाषा (नेवारी) | ०.१ |
| भोजपुरी | ०.०५ |
| अछामी | ०.०४ |
| जम्मा | १०० |

स्रोतः राष्ट्रिय जनगणना प्रतिवेदन २०७८

### २.१० धर्म अनुसारको जनसंख्या विवरण

बराहताल गाउँपालिकामा बसोबास गर्ने अधिकांश मानिसहरु हिन्दु धर्म मान्ने गरेको देखिन्छ । सबैभन्दा बढी अर्थात (८० प्रतिशत) मानिसहरुले हिन्दु धर्म मान्ने गरेको देखिन्छ भने बौद्ध धर्म मान्ने (१३.२ प्रतिशत) रहेको देखिन्छ । अन्य धर्म मान्नेको संख्या अत्यन्तै न्युन रहेको देखिन्छ । धर्म सम्बन्धी वितरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४ धर्म अनुसारको जनसंख्या विवरण**

| विवरण | कुल |
|---|---|
| हिन्दु | ८० |
| बौद्ध | १३.२ |
| इस्लाम | ० |
| किरात | ० |
| क्रिश्चियन | ६.८ |
| प्रकृति | ० |
| बोन | ०.०३ |
| जैन | ० |
| बहाई | ० |
| सिख | ० |
| जम्मा | १०० |

स्रोतः राष्ट्रिय जनगणना प्रतिवेदन २०७८

### २.११ विकास र गरिबी

बराहताल गाउँपालिकामा जस्ता/टिन/च्यादर ले छाएको घर २६९ (६६.१ प्रतिशत) रहेको छ भने सिमेन्ट ढलान गरेको (३.७ प्रतिशत) खर/पराल/छवाली ले छाएको संख्या (२८.३प्रतिशत) रहेको ढुङ्गा काठ फ्लयाक मटो द्धारा छाना निर्मित पनि रहेको देखिन्छ । त्यस्तै यस गाउँपालिकामा अधिकांश मानिसहरु आफ्नै निजी घरमा बसोबास विस्तृत रुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५ विकास र गरिबी**

| विवरण | प्रतिशत |
|---|---|

| | |
|---|---|
| जस्ता/टिन/च्यादर | ६६.१ |
| सिमेन्ट ढलान | ३.७ |
| खर/पराल/छवाली | २८.३ |
| टायल/खपडा/झिँगटी | ०.८ |
| ढुङ्गा/स्लेट | ०.२ |
| काठ/फल्याक | ०.१ |
| माटो | ०.७ |
| अन्य | ०.१ |
| | १०० |

## २.१२ शिक्षा सम्बन्धी विवरण

वि.सं. २०७८ को जनगणना अनुसार यस गाउँपालिकाको कुल साक्षरता दर ७७.७ प्रतिशत रहेको छ जस मध्ये पुरुष ८५.९ प्रतिशत रहेको छ भने महिला ७०.४ प्रतिशत रहेको छ । यस गाउँपालिकामा आ.वि. मा.वि. उ.मा.वि गरि जम्मा ५९ वटा शिक्षण संस्थाहरु रहेका छन् । वर्तमान समयमा निजी क्षेत्रको संलग्नता बढदै गईरहेको अवस्थामा ग्रामीण क्षेत्रमा भने निजी क्षेत्रको न्युन संलग्नता देखिन्छ यद्यपी सामुदायिक र संस्थागत निजी क्षेत्रले शिक्षाको क्षेत्रमा विभिन्न समस्याका बावजुत उल्लेख्य योगदान पुर्याउदै आएको देखिन्छ ।

## २.१३ स्वास्थ्य सम्बन्धी विवरण

गाउँपालिकाको विशिष्टकृत भौगोलिक तथा स्वास्थ्य सम्बन्धी समस्या र चुनौतिलाई सम्बोधन गर्दै गुणस्तरीय स्वास्थ्यका लागि यस गाउँपालिका भित्र ५ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभूत स्वास्थ्य केन्द्र, ५ वटा सामुदायिक स्वास्थ्य ईकाइ र ८७ जना महिला स्वयम् सेविका द्धारा सेवा प्रवाह गर्दै आएको देखिन्छ ।

## २.१४ खानेपानी सम्बन्धी विवरण

यस गाउँपालिका अन्तर्गतका सबै वस्तिहरुमा खानेपानीको सविधा भएको । एक घर एक धारा अभियान अन्तर्गत वडा र वस्तिहरुमा खानेपानी समस्या समाधान भएको । खानेपानी नपुगेका डाँडाका वस्तीहरुमा लिफ्टिङ्ग, डिप वोरिङ्ग मार्फत टयांकीमा पानी जम्मा गरि विस्तारै फिल्टर गर्दै पिउन योग्य योजनहरु संचालन भएको देखिन्छ ।

## २.१५ यातायात पूर्वाधार

यस गाउँपालिकामा जम्मा १० वटा वडाहरु मध्ये वडा नं १ र वडा नं ३ मा बाहेकका बाँकी ८ वटै वडाहरुमा कच्ची सडकको पहुँच पुगिसेको छ र आवश्यक थप नयाँ ट्र्याक खोल्ने कार्य समेत भईरहेको पाईन्छ । सबै क्षेत्रहरुमा बाह्रै महिना सवारी चल्ने सडक सञ्जाल विस्तार हुन सकेको देखिदैन । बराहताल गाउँपालिकामा उत्पादित विभिन्न कृषि उपजहरु जस्तै खाद्यान्न, तरकारी, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भैरहेकोमा गाउँपालिका भित्र सबै वडाहरुमा बाह्रै महिना सवारी साधन चल्ने सडकको सुविधा नभएककाले गर्दा उत्पादित वस्तुलाई बजारसम्म पुर्याउन कठिनाई भएको देखिन्छ । यस गाउँपालिकामा सबै वडाहरुमा बाह्रै महिना सवारी साधन चल्ने सडकको विस्तार नभएकोले आन्तिरीक यातायातको भरपर्दो सुविधा नभएको हुँदा गाउँपालिका बासीहरुलाई समयमै औषधीको सेवा र बजारमा पहँच पुर्याउन सकिएको छैन । गाउँपालिकामा यातायातका विभिन्न साधनहरुको उपभोग भएको देखिन्छ । गाउँपालिकामा टयाक्टर, जिप, कार, बस, ट्याक्सी, मोटरसाइकलहरुको समेत उपयोग गरिएको देखिन्छ । गाउँपालिका सबै वडाहरुमा बाह्रै महिना सुचारु हुने गरी सडकमार्गहरुको स्तर उन्नति गर्नु पर्ने देखिन्छ ।

## २.१६ कृषि योग्य जमिन र मुख्य बालीहरु

बराहताल गाउँपालिका अन्तर्गत रहेको कुल जग्गाको क्षेत्रफल ५९,२०१ हेक्टर रहेको छ । जसमध्ये कृषि योग्य जमिनको क्षेत्रफल ७,८०९ हेक्टर रहेको छ । खेती गरिएको जमिन ४,४४५ हेक्टर रहेको र सिंचित क्षत्रफल २,२१७ हेक्टर रहेको छ यहाँ विशेष गरि धान, मकै, गहुँ, जौ, तोरी, केराउ, सिलङ्गी, तिल जस्ता खाद्यान्न तथा दलहन, तेलहन खेती एवं अन्य नगदेवाली समेत पर्याप्त मात्रामा उत्पादन हुने गरेको छ । उर्वर भूमी र विशाल जंगल क्षेत्रले ओगटेको यस गाउँपालिकामा दोमट बलौटे माटोको भुखण्डले बनेको छ । कृषियोग्य जमिन प्रयाप्त भएता पनि सिचाई सुविधाको कमि भएकाले करिव ३५ प्रतिशत भू:भागमा मात्र खेती गर्ने गरिएको छ ।

## २.१७ सिंचित क्षेत्र

जलसम्पदाका हिसाबले यो गाउँपालिका केही सम्पन्नशाली मानिन्छ । महाभारत श्रृङ्खला अन्तर्गत अवस्थित रहेको यस क्षेत्र भित्र साना खोल्सा खोल्सी देखि ठुला खोलाहरू पनि रहेका छन् । मुख्य खोलाहरूमा सोत खोला, गिरिघाट खोला, खेत खोली, टाटी खोली, लिस्ने खोला, बेतेली खोला, उदो खोला, सिमल चौर खोला, बिउरेनी खोला, आदि रहेका छन् । यिनै खोलाहरू बाट मौसमी सिंचाइ तथा पानी घट्ट चलेका देखिन्छ ।

## २.१८ बराहताल गाउँपालिकाका अवसर, चुनौति र समस्याहरू

बराहताल गाउँपालिका सुर्खेत जिल्लाका अन्य स्थानीय तह भन्दा पृथक भू-राजनैतिक संरचनामा अवस्थित छ । जहाँ सुर्खेत जिल्लाको पश्चिम क्षेत्रमा रहेका पञ्चपुरी र चौकुनेमा छिर्ने मूल द्वार नै रहेको छ भने अर्को तर्फ सुर्खेत जुम्ला सडक खण्डको ४२ कि.मी. भाग पनि यसै गाउँपालिकामा रहेको छ । यस गाउँपालिकाको संम्भावित केन्द्रका रूपमा रहेको बड्डीचौरमा बजारीकरणको नयाँ सम्भावनाका साथ विकसित भइरहेको छ । देशकै सबैभन्दा ठुलो चौकुने सिमेन्ट कारखाना छिर्ने गेट, माथिल्लो कर्णाली जलविद्युत आयोजना निर्माण स्थल जाने द्वार, सुदुर पश्चिमका विभिन्न जिल्ला सँग जोड्ने बड्डीचौर बेनिघाट सडक प्रस्थान विन्दु, लगायत विभिन्न खाले जैविक विविधतायुक्त प्राकृतिक स्रोत, भेरी नदी, रानीघाट, बुङगाड खोला, खन्टेखोला, बाबा खोला बिउरेनी खोल, सोतखोला आदिको प्रयोगले दिन सक्ने लाभ, अथाहा बनजंगल र काठ, सामुदायिक वनको क्षेत्रमा नमुना गाउँपालिका जिल्लामा रहेका स्थानीय तहहरुमा क्षेत्रफलको हिसाबले सबैभन्दा ठुलो गाउँपालिका जसको धेरै जसो भु-भाग वन जंगलले ढाकेको र यसको उचित परिचालनबाट वर्षमा १० करोड सम्मको काठ दाउरा निर्यात बाट आम्दानी, गर्न ढुङ्गा, गिटी, तथा बालुवाका खानी साथै मनोरम प्राकृतिक सुन्दरता र पर्यटकीय क्षेत्रको ठूलो सम्भावनायुक्त यस गाउँपालिकामा भविष्यमा आस लाग्दा समृद्धिका संम्भावना र स्रोतहरू हुन् । यस गाउँपालिकामा सबैभन्दा बढी गैरसरकारी संघसंस्थाहरूले काम गर्ने सामाजिक अगुवाइ गर्ने नेतृत्व पंक्तिको प्रयास र विकास निर्माणको पक्षमा साझा ऐक्यवद्धता, असल नेतृत्व आदि जस्ता यावत खाले मूल्यवान अवसरहरूलाई बुझेर काम गर्न सके यसको भविष्य निकै उज्वल रहेको देखिन्छ । बराहताल गाउँपालिका जिल्लाको सदरमुकाम विरेन्द्रनगर देखि १० कि.मी.को दुरी देखिनै पक्की सडकले छोएको गाउँपालिका भएर पनि राज्यको दृष्टि सहजै पूग्न नसकेको, प्रशस्त मात्रामा श्रोत र साधन हुँदा हुँदै पनि विकासका पूर्वाधारहरू पर्याप्त मात्रामा नहुनु तथा न्यायोचित र असमान विकासका वितरणका कारण विभिन्न किसिमका संम्भावनाहरू भएपनि स्रोतको प्रयोग र परिचालन सँगै संरक्षण र दिगो विकासमा त्यति ध्यान जान सकेको देखिदैन । सिंचाइको अवास्था अत्यन्तै नाजुक, बजार व्यवस्थापनमा वैज्ञानिककरण हुन नसक्नु, बाह्य लगानी भित्रयाउन नसक्नु, सामुदायिक बनको उचित व्यवस्थापन नुहुनु, नदी नियन्त्रण तर्फ, रानीघाट, धमिलो खोला, हत्तेरी खोला,ज्यामिरे खोला, बुङगाड खोला, खन्टेखोला, बाबा खोला बिउरेनी खोला, सोतखोला, धनिगाड, रचाखोला, र भेरी नदीको प्रयोग र नियन्त्रणको प्रबन्ध नहुनु, स्थानीय सडकहरूको स्तर उन्नति हुन नसक्नु, पर्यटनका लागि अत्यन्तै सम्भावना रहेको भोटेदरबार, हल्लने ढुङ्गा, सम्भवत सुर्खेतकै अग्लो झरना, चमेरे गुफा, बराह मन्दिर, बराहताल, भैरव मन्दिर, काल भैरव मन्दिर, सुकुरमालामा रहेको सिद्धचुली, गाइने काँडामा रहेको बटुक भैरवको ३ सय वर्ष पुरानो मन्दिर आदि ऐतिहासिक तथा धार्मिक स्थलहरूको

प्रचार प्रसार र यातायातको पहुँच नपुग्दा ओझेलमा परेका छन् । सडकको विस्तार र विकास भएमा आन्तरिक तथा बाह्य पर्यटन भित्राउन सकिने अवस्था रहेको देखिन्छ ।

### २.१९ बराहताल गाउँपालिकाको विकासका संम्भावनाहरू

बराहताल गाउँपालिका स्रोत साधनका हिसाबले प्रचुर सम्भावनायुक्त गाउँपालिका हो । यस गाउँपालिकामा कृषि, जलविद्युत, वनजंगल, धार्मिक तथा साँस्कृतिक सम्पदा, पर्यटन विकास, उद्योग संचालन लगायतका संम्भानाहरू रहेका छन् । यस गाउँपालिकाको हालको वडा नं १ र २ साविकको हरिहरपुर गा.वि.स.मा कुल ५२५ हेक्टर क्षेत्रफल कृषि योग्य जमिन तथा हालको वडा नं ३ र ४ साविकको तरंगा गा.वि.स.मा कुल ८९९ हेक्टर क्षेत्रफल कृषियोग्य जमिन भएको र हाल सम्म सबै जमिनमा सिचाई सुविधा नभएकाले सिचाईको व्यस्थापनका लागि स्थानीय स्रोतका रूपमा रहेका भेरी नदी, धमिलो खोला, हत्तेरीघाट खोला, ज्यामीरे खोला तथा पाग्मा खोला आदिलाई उपयोग गर्न सकेमा बढी भन्दा बढी लाभ प्राप्त गर्न सकिने सम्भावन रहेको छ। त्यस्तै गरि स्रोतहरूलाई व्यवस्थापन गरि साना तथा ठुला जल विद्युत आयोजन गर्न सकिने संम्भावना रहेको छ । यस गाउँपालिकाको वडा न २ भएर बग्ने भेरी नदीमा समैजीघाट देखि रानीघाट सम्म रयाफ्टिङ्गको संम्भावना, जुद्धेश्वर महादेवको मन्दिरमा लाग्ने शिवरात्री मेला, बाँसपानीबाट गर्न सकिने दृश्यावलोकन, स्थानीय चाडपर्व लगायत यस क्षेत्रका पर्यटकिय सम्भावना भएका स्थानहरू हुन् । यस क्षेत्रको धेरैजसो भू-भाग वन जंगले ढाकिएकाले वनमा आधारित उद्योगको सम्भावना रहेको छ । ३०० मी. देखि १५०० मी. सम्म को उचाईमा फैलिएको कमजोर भू-संरचना भएको कंकड बलौटे माटोको बनोट रहेको, कृषि भन्दा वन सम्पदाका लागि उपयोगी भएकाले बनमा आधारित व्यवसायिक खेतीका लागि राम्रो संम्भावना रहेको देखिन्छ ।

**परिच्छेदः३**

## ३.१ संस्थागत क्षमता विकासका तीन आयाम

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन, २०७६ अनुसार स्थानीय सरकारको क्षमता विकासलाई संस्थागत र मानव संसाधन क्षमता विकास गरी दुई आयाममा विभाजन गरि सोहि अनुकुलका प्रकृयाबाट क्षमता योजना निर्माणलाई अगाडी बढाईएको छ ।

सामान्यतया क्षमता विकासलाई तीन आयाममा विश्लेषण गर्न सकिन्छ । सर्वप्रथम संस्थाको संरचनालाई दुरुस्त पार्नु पर्ने एउटा पाटो हो भने संरचनाको जिम्मेवारी अनुकुलन हुने गरी आवश्यक संख्यामा मानव संसाधनको व्यवस्था र तिनिहरुको जिम्मेवारी अनुसारका कार्य गर्नसक्ने गरी ज्ञान, सीप र क्षमताको विकास गर्नु जरुरी छ । यसका अतिरिक्त गाउँपालिकाले जनसमक्ष घरघरै र निरन्तर पु¥याउनु पर्ने सेवाहरु पनि हुन्छन् जस्तैः कृषि सेवा, पशु सेवा, खानेपानीहरुको मर्मत सेवा, वाली तथा पशु बिमा सेवा, पकेट क्षेत्र विकास सेवा, मानव स्वास्थ्य सेवा आदि । यी सबै प्रकारका सेवाहरु गाउँपालिका तथा वडामा रहेको सीमित जनशक्तिबाट मात्र संभव नहुने हुदा अन्य सरोकारवालाहरु तथा वस्तीस्तरकै युवा युवायुवतीको क्षमता विकास गरी सेवा बजारहरुको स्थापना गर्दा गाउँपालिका बाट प्रवाह हुने कतिपय सेवाहरु स्थानीय स्तरबाटै प्रवाह हुनसक्ने बनाउनु पनि क्षमता विकासको परिधि भित्र पर्दछ ।

**क्षमता विकासका आयाम**



### ३.२ बराहताल गाउँपालिकाको संस्थागत क्षमता विकास लेखा जोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूचि २, ३ र ५ अनुसार स्थानीय सरकार संस्थागत क्षमता (सञ्चालन व्यवस्थापन) लेखाजोखा, संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा, आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा तथा समुदायका सेवा समुदाय बाटै भन्ने मान्यतालाई पनि आत्मसात गरी आवश्यक सेवा बजारहरुको समेत लेखाजोखा गर्दा विकास व्यवस्थापन, संस्थागत संरचना तथा संगठन व्यवस्थापन, वित्तीय व्यवस्थापन, सूचना व्यवस्थापन, सुशासन, समन्वय र सहकार्य, मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह मापदण्ड निर्धारण, राजस्व परिचालन र वित्तिय अनुशासन जस्ता एकल साझा तथा संघीय कानून बाट व्यवस्थित अधिकारहरुको प्रभावकारी उपयोगका लागि भौतिक स्रोत साधन व्यवस्था, नीति, योजना, ऐन/नियम/कार्यविधि तयारी, मानव संसाधन प्राप्ती र तालिम, गोष्ठी, अध्ययन, अनुसन्धान जस्ता हरेक क्षेत्रमा क्षमता विकासका लागि माग भएको छ ।

आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास, सेवा प्रवाह र सुशासन अन्तर्गतका विषयहरु

क. मागमा आधारित क्षमता लेखाजोखाः दिग्दर्शनको अनुसूचि २ अन्तर्गतका क्षमता विकास क्षेत्र जस्तैः विकास व्यवस्थापन, संस्थागत संरचना तथा संगठन व्यवस्थापन, वित्तिय व्यवस्थापन, सूचना व्यवस्थापन, सुशासन र समन्वय र सहकार्य जस्ता विषयहरुका अतिरिक्त मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह मापदण्ड निर्धारण जस्ता अतिरिक्त विषयहरु माथि शाखागत रुपमा छलफल हुदा अधिकांश शाखाहरु बाट माथी भनिएका क्षमता विकास क्षत्रमा अभिमुखिकरण तथा तालिमहरुको अपेक्षा गरिएको छ भने दिग्दर्शनकै अनुसूचि ३ अन्तर्गत नेतृत्व तहको क्षमता लेखाजोखा हुदा पनि क्षमता विकासका हरेक क्षेत्रमा प्रशिक्षण, अनुशिक्षण, स्रोत साधनको व्यवस्थापन, थप कर्मचारी दरबन्दी जस्ता कुराहरु माग भएको अवस्था छ ।

ख. आपूर्तिमा आधारित क्षमता लेखाजोखाः त्यसै गरी अनुसूचि ५ को आपूर्तिमा आधारित क्षमताको लेखाजोखा अन्तर्गत गाउँपालिकामा अधिकारको उपयोगको अवस्था, ऐन, नियम, विधि र प्रणालीको स्थापनाको अवस्था, शाखा तथा इकाईगत कर्मचारी तथा पूर्वाधार अवस्था र नयाँ अवधारणा, नीति तथा सूचना प्रविधिको उपयोगको विश्लेषण गर्दा केहि ऐन नियम तथा कार्यविधिहरु तयार गर्न बाँकी भएको अवस्था, कर्मचारी दरवन्दी थपको व्यवस्था र नयाँ अवधारण अन्तर्गत केहि योजना, गुरुयोजना तयारी तथा अद्यावधिक गर्नु पर्ने जस्ता विषयहरुको योजना बनाउनु पर्ने देखियो । लेखाजोखाको विस्तृत विवरण अनुसूचि १ देखि ३ सम्म र क्षमता विकास योजनाको विवरण तल तालिका २ मा दिईएको छ ।

### ३.३ मानव संसाधनको क्षमता विकास लेखाजोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूचि ८, र ९ अनुसार स्थानीय सरकार विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा (शाखागत रूपमा) र स्थानीय सरकारको विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा (विषयक्षेत्रगत रूपमा) क्षमता विकास आवश्यकताको लेखाजोखा गर्दा आवश्यक ठानिएका ज्ञान, सीप र दक्षता वृद्धिका लागि सामान्यतया निम्न अनरसार अपेक्षा गरिएको अवस्था छ,

- दिग्दर्शनको अनुसूचि ८ अन्तर्गत सबै शाखाका कर्मचारीले स्वमूल्यांकन गरी आफ्नो तोकिएको जिम्मेवारी पुरा गर्न ज्ञान, सीप र क्षमता मध्यम रहेको जाहेर गरेका छन् र आवश्यक थप क्षमता विकासमा अपेक्षा राखेको अवस्था छ ।
- त्यसैगरी दिग्दर्शनको अनुसूचि ९ अन्तर्गत विषयगत क्षेत्रका रुपमा स्थानीय सरकारको विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा गर्दा विभिन्न नेतृत्व तह, वडा समिति तथा कर्मचारी र गाउँपालिकाका विभिन्न कर्मचारीलाई विभिन्न विषय खास गरी गाउँपालिका तथा वडाहरुको नेतृत्व तहलाई विभिन्न प्रकारका तालिम तथा प्रशिक्षणहरुको माग भएको छ भने कर्मचारीलाई विभिन्न प्रकारको तालिम तथा प्रशिक्षणहरुको माग भएको अवस्था छ । लेखाजोकाको विस्तृत विवरण अनुसूचि ४ र ५ मा) र क्षमता विकास योजनाको विवरण तल तालिका ३ मा प्रस्तुत गरिएको छ ।

### ३.४ सेवा बजारहरुको क्षमता विकास लेखा जोखा

गाउँपालिकाले जनता समक्ष घरघरै र निरन्तर पुर्याउनु पर्ने सेवाहरु पनि हुन्छन् जस्तै कृषि सेवा, पशु सेवा, खानेपानीहरुको मर्मत सेवा, वाली तथा पशु बिमा सेवा, पकेट क्षेत्र विकास सेवा, मानव स्वास्थ्य सेवा आदि । यी सबै प्रकारका सेवाहरु गाउँपालिका तथा वडामा रहेको सीमित जनशक्तिबाट मात्र संभव नहुने हुँदा बस्तिस्तर कै युवा युवतीको क्षमता विकास गरी सेवा बजारहरुको स्थापना गर्दा गाउँपालिका बाट प्रवाह हुने कतिपय सेवाहरु स्थानीय स्तरबाटै प्रवाह हुनसक्ने र स्थानीय सीपले स्थानीय रुपमै बजार पाउने हँदा समुदायको सेवा समुदाय बाट बनाउनु पनि क्षमता विकासको परिधि भित्र पर्न जान्छ । यसैलाई ध्यानमा राखी गाउँपालिकाको जिम्मेवार पदाधिकारीहरुको समन्वयमा विकास भैसकेको निम्न अनुसारको सेवा बजारको परिचालन योजना बनाईएको छः ।

**तालिका ६ सेवा बजारहरुको क्षमता विकास लेखाजोखा**

| सि.नं | विकास गरिने सेवा | आवश्यक संख्या | यसबाट पर्ने प्रभाव |
|---|---|---|---|
| १ | ग्रामिण कृषि प्राविधिक जनशक्ति तयारी | १० | कृषकले स्थानीय स्तरमै न्युनतम कृषि सेवा पाउने र ३० जना युवा स्थानीय स्तरमै रोजगार हुने । |
| २ | ग्रामिण पशु प्राविधिक जनशक्ति तयारी | १० | पशुपालक कृषकले स्थानीय स्तरमै न्युनतम पशुसेवा पाउने र ३० जना युवा स्थानीय स्तरमै रोजगार हुँने । |
| ३ | खानेपानीका लागि ग्रामिण मर्मत संभार कार्यकर्ता तयारी र परिचालन | १० | खानेपानी उपभोक्ताले स्थानीय स्तरमै न्युनतम प्लम्बिङ्ग सेवा पाउने र ३० जना युवा स्थानीयस्तरमै रोजगार हुने । |

**नोटः** समग्रमा बराहताल गाउँपालिकाका १० वटै वडामा विभिन्न क्षेत्रमा जनही ३ जनाका दरले सेवा प्रवाह गर्न सकेको खण्डमा सेवाग्राही र सेवा प्रवाह गर्ने संस्थाले समुदायलाई आवश्यक सेवा प्रवाह चुस्त दुरुस्त तथा छिटो छरितो हुने छ र बजार सेवाको विकास हुने छ ।

### ३.५ संस्थागत संरचनागत अवस्था (लेखाजोखा)

१० वटा वडाहरूमा विभाजित बराहताल गाउँपालिकाको कार्यालयमा नेपाल सरकारका निजामती सेवाका कर्मचारी, स्थानीय सेवाका कर्मचारी (स्थायी, करार, ज्यालादारी) र दरबन्दी बाहेकका कर्मचारीहरू पनि रहेका छन्। नेपालको संविधानबाट स्थानीय तहका लागि निर्दिष्ट अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको लागि तोकेको काम, कर्तव्य र अधिकार तथा बदलिँदो शासकीय स्वरूप अनुसार स्थानीय तह प्रतिको नागरिकको अपेक्षा एवं परिवर्तित शासकीय स्वरूपलाई व्यवस्थित गर्न आवश्यक साधन/स्रोत र सोको व्यवस्थापनको लागि विद्यमान जनशक्ति पर्याप्त देखिँदैन । सेवा प्रवाह भुक्तानी प्रणालीलाई सरलीकरण गर्न वडा सचिव प्राविधिक र उपभोक्ता समितिल लगायत गाउँपालिकामा कार्यरत विषयगत शाखाका कर्मचारीहरुलाई सेवा प्रवाह सम्बन्धी विभिन्न विषयमा अनुशिक्षण कार्यक्रम संचालन गर्न, सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाले यो क्षमता विकास योजना निर्माण गर्ने कार्य गरेको छ। भौगोलिक रुपमा विकटताका कारण स्थानीय सरकार स्थानीय सरकार गाउँ गाउँमा सिंहदरबार अभियान अनुरुप जनताका सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि जनशक्तिको आवश्यकता आवश्यकता रहेको छ। यसै सन्दर्भमा बराहताल गाउँपालिकामा संख्यात्मक एवं गुणात्मक रूपमा बढोत्तरी गर्न जरुरी देखिन्छ ।

#### ३.५.१ भौतिक पूर्वाधारको क्षमता विकास लेखाजोखा

बराहताल गाउँपालिका तथा वडा कार्यालयहरूमा बिजुली बत्ती, पानीको उपलब्धता रहेको छ । यस गाउँपालिकाका केहि वडाहरूको आफ्नै भवन रहेको तथा केहि भवनहरु निर्माणाधिन अवस्थामा रहेका छन् भने केहि वडा कार्यालयहरु भाडामा संचालन भईरहेका छन् । जसको सारंश तलको तालिकामा प्रस्तुत गरिएको छ । गाउँपालिकाका १० वटै वडा कार्यालयहरूमा अत्यावश्यक उपकरणहरू जस्तैः कम्प्युटर, ल्यापटप, प्रिन्टर एवं प्राविधिकहरूले प्रयोग गर्ने विभिन्न सामग्रीहरू रहेको देखिन्छ साथै सबै वडा कार्यालयहरूमा नागरिक बडापत्र रहेको पाइयो । यस गाउँपालिकामा रहेको अचल सम्पत्ती (भवनहरू) को विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७ गाउँपालिका तथा वडा कार्यालय रहेका अचल सम्पत्तिहरुको विवरण**

| स्थानहरू | विवरण | कैफियत |
|---|---|---|
| गाउँपालिका मुख्यालय | आफ्नै भवनमा संचालन रहेको | प्रशासनिक तथा आर्थिक प्रशासन र शाखाहरू गाउँपालिकाको आफ्नै मुख्य भवनमा रहेको । नयाँ भवन निर्माणाधिन अवस्थामा रहेको। |
| वडा नं १ | वडा कार्यालयको भवन आफ्नै भवन नभएको | भाडाको घरमा संचालन भई सेवा प्रवाह गर्दै आएको । |
| वडा नं २ | वडा कार्यालयको भवन आफ्नै भवन नभएको । | भाडाको घरमा संचालन भई सेवा प्रवाह गर्दै आएको । |

| स्थानहरू | विवरण | कैफियत |
|---|---|---|
| वडा नं ३ | वडा कार्यालयको भवन आफ्नै भवन नभएको । | भाडाको घरमा संचालन भई सेवा प्रवाह गर्दै आएको । |
| वडा नं ४ | वडा कार्यालयको भवन आफ्नै रहेको । | आफ्नै भवनमा संचालन भई सेवा प्रवाह गर्दै आएको । |
| वडा नं ५ | वडा कार्यालयको भवन आफ्नै भवन नभएको | भाडाको घरमा संचालन भई सेवा प्रवाह गर्दै आएको । |
| वडा नं ६ | वडा कार्यालयको भवन आफ्नै रहेको । | आफ्नै भवनमा संचालन भई सेवा प्रवाह गर्दै आएको । |
| वडा नं ७ | वडा कार्यालयको भवन आफ्नै रहेको । | आफ्नै भवनमा संचालन भई सेवा प्रवाह गर्दै आएको । |
| वडा नं ८ | वडा कार्यालयको भवन आफ्नै भवन नभएको । | भाडाको घरमा संचालन भई सेवा प्रवाह गर्दै आएको । |
| वडा नं ९ | वडा कार्यालयको भवन आफ्नै भवन नभएको । | भाडाको घरमा संचालन भई सेवा प्रवाह गर्दै आएको । |
| वडा नं १० | वडा कार्यालयको भवन आफ्नै रहेको । | आफ्नै भवनमा संचालन भई सेवा प्रवाह गर्दै आएको । |

### ३.५.२ गाउँपालिका तथा वडा कार्यालय रहेका अन्य अचल सम्पत्तिहरुको विवरण

**तालिका ८ अचल सम्पत्तिहरुको विवरण**

| क्र.सं. | विवरण एकाई | संख्या |
|---|---|---|
| १ | जिप/व्याकहोल लोडर/एम्बुलेन्स | २/१/२ |
| २ | मोटरसाईकल/ स्कुटर | ३७ |
| ३ | कम्प्युटर/ ल्यावटप | २०/२४ |
| ४ | प्रिन्ट | २४ |
| ५ | फोटोकपी मेशिन | ५ |
| ६ | दराज | २६ |
| ७ | अफिस टेवल | १५ |
| ८ | कुर्ची | ५० |
| ९ | रिभल्वभिर चेयर | १७ |
| १० | टिटेवल | १८ |
| ११ | सोफासेट | १० |
| १२ | मोवाइल सेट | ६ |
| १३ | स्क्यानर | १० |
| १४ | प्रोजेक्टर | २ |
| १५ | क्यामरा | २ |

### ३.६ स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजा विश्लेषण

यस गाउँपालिकाको स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (Fiduciary Risk Assessment-FRA) प्रतिवेदन अनुसार आ.व. २०७९/८० मा ६४. ५ अङ्क प्राप्त गरेको देखिन्छ विषयगत पूर्णाक र प्राप्तांक तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| विवरण | योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | लेखाङ्कन तथा प्रतिवेदन | अनुगमन, मुल्यांकन तथा लेखापरीक्षण | राजस्व व्यवस्थापन | जम्मा |
|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | २१ | २९ | १७ | १६ | १७ | १०० |
| प्राप्ताङ्क | १४.५ | १८ | १३ | ९ | १० | ६४.५ |



### ३.७ स्थानीय तह स्वमूल्याङ्कनका विषयक्षेत्रहरू

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Self-Assessment-LISA) को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा तल प्रस्तुत गरिएको छ ।

| विवरण | शासकीय प्रवन्ध | संगठन तथा प्रशासन | वार्षिक बजेट तथा योजना व्यवस्थापन | वित्तीय एवम् आर्थिक व्यवस्थापन | सेवा प्रवाह | न्यायिक कार्य सम्पादन | भौतिक पूर्वाधार | सामाजिक समावेशीकरण | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | सहकार्य र समन्वय | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | ९ | ८ | ११ | ११ | १६ | ७ | १३ | १० | ९ | ६ | १०० |
| प्राप्ताङ्क | ८ | ५ | ९ | ११ | १५.५ | ६ | ७ | ९ | ६.५ | १ | ७८ |



### ३.८ स्थानीय तह स्वमूल्याङ्कनका सुचकहरु

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Self-Assessment-LISA) को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजाका सुचकहरु तल प्रस्तुत गरिएको छ ।

| क्र.सं. | स्वमूल्यांकनका विषय क्षेत्र र प्रमुख सूचक | पुर्णांक | प्राप्तांक | स्वमूल्यांकनको आधारमा देखिएको अन्तराल (Gap) |
|---|---|---|---|---|
| १ | **शासकीय प्रबन्ध** | ९ | ८ | |
| १.१ | सभाको संचालन प्रकृया | १ | १ | |
| १.२ | कार्यपालिकाको निर्णय प्रकृया | १ | १ | |
| १.३ | सभा/कार्यपालिकाकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकीकरण | १ | १ | |
| १.४ | सभा र कार्यपालिकाका समिति/उपसमिति संचालन सम्बन्धी कार्यविधि | १ | १ | |
| १.५ | कार्यपालिकाको बैठक संचालन (बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्य सूची उपलब्ध गराउने, गणपुरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदी) | १ | १ | |
| १.६ | आन्तरिक नियन्त्रण प्रणाली | १ | ० | (स्थाससंऐ दफा ७८) अनुसार आन्तरिक नियन्त्रण प्रणाली निर्माण नभएको । |
| १.७ | स्थानीय तहका पदाधिकारीहरुको सम्पत्ति विवरण | १ | १ | |
| १.८ | मूल्याङ्कन अवधिमा बसेको कार्यपालिकाको बैठक संख्या | १ | १ | |
| १.९ | लेखा प्रणालीमा **SUTRA** को प्रयोग | १ | १ | |
| २ | संगठन तथा प्रशासन | ८ | ५ | |
| २.१ | गाउँपालिकाको क्षमता विकास | १ | ० | (स्थाससंऐ को दफा २अनुसार( क्षमता विकास योजना निर्माण नभएको । |
| २.२ | प्रतिवेदन तथा विवरण प्रेषण | १ | ० | स्थाससंऐ दफा ७६ (५) र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, दफा ३(३) |
| २.३ | विषयगत विभाग/महाशाखा शाखा/ उपशाखा/इकाइहरु एवं जनशक्तिको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवण | १ | ० | स्थाससंऐ दफा ८ अनुसार) |

| | | | | |
|---|---|---|---|---|
| २.४ | स्थायी पदपूर्ति नगर्ने भनिएका पदहरुमा करारबाट मात्र पदपूर्ति | १ | १ | |
| २.५ | कर्मचारीहरुको कार्यसम्पादन सम्झौता | १ | १ | |
| २.६ | जनशक्ति क्षमता विकासमा लगानी | १ | १ | |
| २.७ | प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति दिन | १ | १ | |
| २.८ | क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता | १ | १ | |
| **३** | **वार्षिक बजेट तथा योजना व्यवस्थापन** | **११** | **९** | |
| ३.१ | वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना तर्जुमा | १ | ० | स्थाससंऐ को दफा २ अनुसार आवधिक योजना तयार नभएको । |
| ३.२ | बजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा सम्बद्ध समिति र समन्वय | १ | १ | |
| ३.३ | दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण | १ | ० | (स्थाससंऐ को दफा २अनुसार ) स्थानीयकरण नभएको |
| ३.४ | विषय क्षेत्रगत रुपमा बजेट सिलिङ्ग निर्धारण | १ | १ | |
| ३.५ | बजेट प्रस्तुती तथा स्वीकृति | १ | १ | |
| ३.६ | गैरसरकारी संघ संस्थाहरुले गाउँ/नगरसभाबाट पारित गरी योजना कार्यान्वयन | १ | १ | |
| ३.७ | कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा | १ | १ | |
| ३.८ | पाँच लाखभन्दा कम लागतका योजनाले कूल पूँजीगत बजेटको ओगटेको हिस्सा | १ | १ | |
| ३.९ | वार्षिक आन्तरिक आय वृद्धि गत वर्षको तुलनामा | १ | १ | |
| ३.१० | गै.स.स मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गै.स.स. को नगद लागत साझेदारी | १ | १ | |
| ३.११ | समपुरक अनुदानबाट संचालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि विनियोजित बजेट | १ | १ | |
| **४** | **वित्तिय एवं आर्थिक व्यवस्थापन** | **११** | **११** | |
| ४.१ | वित्तिय अनुशासन | १ | १ | |
| ४.२ | आन्तरिक स्रोत | १ | १ | |
| ४.३ | आय व्ययको वर्गिकरण तथा लेखांकानका लागि नेपाल सरकारद्वारा निर्धारित पद्धति र ढाँचाको प्रयोग | १ | १ | |
| ४.४ | आय र व्ययको विवरण सार्वजनिकीकरण | १ | १ | |
| ४.५ | प्रचलित कानुन अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयारी र कार्यान्वयन | १ | १ | |
| ४.६ | वार्षिक बजेट कार्यान्वयनको प्रगति समिक्षा | १ | १ | |

| | | | | |
|---|---|---|---|---|
| ४.७ | रकमान्तर | १ | १ | |
| ४.८ | प्रशासनिक खर्च | १ | १ | |
| ४.९ | पूँजीगत खर्च | १ | १ | |
| ४.१० | राजस्व संकलन | १ | १ | |
| ४.११ | खर्च गर्ने अख्तियारी | १ | १ | |
| **५** | **सेवा प्रवाह** | **१६** | **१५.५** | |
| ५.१ | वडाले उपलब्ध गराउने सेवा | १ | १ | |
| ५.२ | सेवा प्रतिको सन्तुष्टि | १ | १ | |
| ५.३ | सेवा प्रवाहमा प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन वा कम्प्युटर विलिङ | १ | ०.५ | (स्थाससंऐनदफा १ को उपदफाको ङ ) |
| ५.४ | प्रविधिको प्रयोग | १ | १ | |
| ५.५ | सेवा प्रवाहको मापदण्ड (SOP) | १ | १ | |
| ५.६ | बैंकिङ प्रणालीबाट भुक्तानी | १ | १ | |
| ५.७ | वडामा सेवा प्रवाहको वैकल्पिक व्यवस्था | १ | १ | |
| ५.८ | गुनासो फछ्र्योट | १ | १ | |
| ५.९ | सामाजिक सुरक्षा भत्ता बैंक खाता मार्फत भुक्तानी | १ | १ | |
| ५.१० | जन्मेको मितिले ३५ दिनभित्र भएको कूल जन्म दर्ता संख्या | १ | १ | |
| ५.११ | सार्वजनिक सुनुवाई | १ | १ | |
| ५.१२ | सेवा प्रवाहमा घुम्ती सेवाको प्रयोग | १ | १ | |
| ५.१३ | शिक्षामा सबै बालबालिकाको पहुँच | १ | १ | |
| ५.१४ | स्वास्थ्य सेवामा नागरिकको पहुँच | १ | १ | |
| ५.१५ | कृषि र पशु सेवा | १ | १ | |
| ५.१६ | स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण | १ | १ | |
| **६** | **न्यायिक कार्य सम्पादन** | **७** | **६** | |
| ६.१ | न्याय सम्पादन | १ | १ | |
| ६.२ | मेलमिलापकर्ताको व्यवस्थापन | १ | १ | |
| ६.३ | न्यायिक समितिको प्रकृया | १ | १ | |
| ६.४ | न्यायिक समितिको प्रतिवेदन प्रणाली | १ | ० | स्थाससंऐन दफा ५को उपदफा २ |
| ६.५ | उजूरी फछ्र्यौट | १ | १ | |
| ६.६ | न्यायिक समितिको निर्णय उपर पुनरावेदन | १ | १ | |
| ६.७ | मेलमिलाप केन्द्र गठन | १ | १ | |
| **७** | **भौतिक पूर्वाधार** | **१३** | **७** | |
| ७.१ | सडक यातायात गुरुयोजना अनुसार सडक पूर्वाधार निर्माण | १ | ० | सडक गुरुयोजना निर्माण नभएको । |
| ७.२ | जोखिम संवेदनशिल भू-उपयोग योजना | १ | १ | |
| ७.३ | भौतिक पूर्वाधार विकासमा सार्वजनिक/निजी साझेदारी नीति | १ | १ | |

| | | | | |
|---|---|---|---|---|
| ७.४ | बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार | १ | ० | (स्थानीय सरकार संचान ऐन, २०७४ को दफा २४ को उपदफा २ अनुसार पुष्टयाई हुने आवश्यक कागजात नपुगेको । |
| ७.५ | निर्मित पूर्वाधारको उपयोग र दिगो व्यवस्थापन | १ | ० | (स्थाससंऐन, २०७को दफा २को उपदफा ३) दस्तावेज नभएको । |
| ७.६ | योजनाको वातावरणीय अध्ययन/संक्षिप्त, प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन (**IEE)** र वातावरणीय प्रभाव मूल्यांकन (**EIA)** | १ | १ | |
| ७.७ | राष्ट्रिय भवन संहिता र मापदण्ड | १ | ० | स्थाससंऐन, २०७४ को दफा ४३ को उपदफा १) |
| ७.८ | सडकको विस्तार | १ | १ | |
| ७.९ | सडकको स्तर उन्नति | १ | १ | |
| ७.१० | खानेपानी सेवा विस्तार | १ | १ | |
| ७.११ | वार्षिक योजनाको कार्यान्वयन स्थिति | १ | १ | |
| ७.१२ | फोहोरमैला व्यवस्थापन | १ | ० | स्थाससंऐन, २०७को दफा १को उपदफाको ग ११ |
| ७.१३ | औद्योगिक पूर्वाधार | १ | ० | स्थाससंऐन, २०७ को दफा ११ अनुसार पुष्टयाई हुने आवश्यक कागजात नपुगेको । |
| **८** | **सामाजिक समावेशीकरण** | **१०** | **९** | |
| ८.१ | सामाजिक विभेदको न्यूनीकरण | १ | १ | |
| ८.२ | समानुपातिक सहभागिता | १ | १ | |
| ८.३ | सामाजिक सुरक्षा तथा संरक्षण | १ | १ | |
| ८.४ | घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान | १ | १ | |
| ८.५ | बालश्रम, बाल विवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथासँग सम्बन्धित कार्यहरु | १ | १ | |
| ८.६ | लैंगिक उत्तरदायी बजेट परीक्षण (GESI Audit) | १ | १ | |
| ८.७ | महिला विरुद्ध हुने घरेलु हिंसाको घटनामा कमी | १ | १ | |

| | | | | |
|---|---|---|---|---|
| ८.८ | बालश्रम, बालविवाह, बहुविवाह, दहेज, बोक्सी, छाउपडी जस्ता प्रथा रोकथामका लागि तर्जुमा गरिएका कार्यक्रम लगानी | १ | १ | |
| ८.९ | महिला/दलित/अपांगता भएका व्यक्ति संयोजक/अध्यक्ष भएको उपभोक्ता समितिहरुको संख्या | १ | ० | (कूल गठीत उपभोक्ता समितिको संख्यामा पर्याप्तताको अपुग |
| ८.१० | आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानमा गरिने लगानी | १ | १ | |
| **९** | **वातावरण संरक्षण तथा विपद् व्यवस्थापन** | **९** | **६.५** | |
| ९.१ | विपद् व्यवस्थापन | १ | १ | |
| ९.२ | वातावरणीय प्रदूषण नियन्त्रण (जल, भूमि, ध्वनी, वायु र खाद्य) | १ | ० | स्थाससंऐन, २०७ को दफा १उपदफा को ङ १,२र २६) |
| ९.३ | वातावरण मैत्री पूर्वाधार | १ | ० | निर्माण नभएको |
| ९.४ | विपद् जोखिम क्षेत्रको पहिचान र नक्सांकन | १ | १ | |
| ९.५ | वातावरणीय क्षेत्र प्रवर्द्धनमा बजेट विनियोजन | १ | १ | |
| ९.६ | वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गै.स.स. को सहभागिता | १ | ०.५ | आवश्यक कागजात |
| ९.७ | स्थानीय विपद् व्यवस्थापन कोषमा बजेट विनियोजन र खर्च (वार्षिक रुपमा) | १ | १ | |
| ९.८ | टोल विकास संस्था गठन तथा संचालन | १ | १ | |
| ९.९ | एम्बुलेन्स, अग्नी नियन्त्रण जस्ता आकस्मिक सेवाहरुको उपलब्धता | १ | १ | |
| **१०** | **सहकार्य र समन्वय** | **६** | **१** | |
| १०.१ | संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य र समन्वय | १ | ० | नेपालको संविधानको धारा २३५ |
| १०.२ | अन्तर स्थानीय तह सहकार्य र समन्वय (प्राकृतिक श्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन, आपतकालीन सेवा व्यवस्थापन, राजस्व संकलन आदि) | १ | ० | सहलगानीका योजनाहरू ल्याण्डफिल साईट :, अग्नी नियन्त्रण, सडक हरियाली, प्लाष्टिक नियन्त्रण, स्वास्थ्य शिक्षा, रंगशाला, खेलकुद, पर्यटन, बोटानिकल गार्डेन, नदी नियन्त्रण, सिंचाई, खानेपानी आदी( |

| | | | | |
|---|---|---|---|---|
| १०.३ | दुई वा सो भन्दा बढी स्थानीय तहको सरोकारको विषयमा बन्ने समितिहरुको गठन र संचालन | १ | ० | स्थाससंऐन, २०७को दफा २६ अन्तर्गत |
| १०.४ | अन्तर सरकारी समन्वय तथा सहजीकरण | १ | ० | प्रमाणीकरणको आधार नभएको । |
| १०.५ | अन्तर स्थानीय तह साझेदारी | १ | ० | प्रमाणीकरणको आधार नभएको |
| १०.६ | जिल्ला समन्वय समितिसँगको समन्वय | १ | १ | |
| **जम्मा** | | **१००** | **७८** | |

**परिच्छेद ४ समग्र योजना खाका**

### ४.१ स्थानीय सरकारको क्षमता विकास एक परिचय

माथि भनिए झै स्थानीय तहको क्षमता विकासका तीन आयाम

१. संस्थागत संरचना र प्रणालीमा सुधार,

२. मानव संसाधन व्यवस्थापन र विकास

३. सेवा बजारहरुको विकासलाई लिईन्छ ।

स्थानीय विकासमा यी तीनै आयमाको अन्तर सम्बन्ध रहन्छ । संस्थागत प्रणाली राम्रो र साधन स्रोत सम्पन्न भए पनि यदि उचित प्रणालीमा क्षमतावान मानव संसाधनको व्यवस्थापन भएन भने प्रणाली एक्लैले केहि गर्न सक्दैन । यदि आवश्यक सीप र दक्षता सहितको माव संसाधान प्रचूर मात्रामा छ तर प्रणालीमा अभाव छ भने पनि मानव संसाधनले गति लिन सक्दैन । त्यसैगरी यी दुवै चुस्त दुरुस्त भएता पनि यदि सेवा बजारको विकास गरी सहकार्य वृद्धि भएन भने पनि विकासले गति लिन संभव छैन ।

### ४.१.२ संस्थागत क्षमता विकास एक परिचय

स्थानीय सरकारको संस्थागत क्षमता विकास भित्र उसको भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि तथा उसको प्रत्यक्ष पहुँच भित्र रहेको दक्षता, सीप, बुझाइ, धारणा, मूल्य, मान्यत सम्बन्ध, व्यवहार, स्रोत र साधनको समग्र अवस्था हो । क्षमता विकासले भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि व्यक्ति, संगठन तथा समाजमा रहेको त्यस्तो ज्ञान, सीप र धारणा क्षमता तथा स्रोतको उपयोगितामा वृद्धि गर्ने, बुझाइ तथा सम्बन्धलाई सुदृढ बनाउने र दिगोपनाका लागि उत्प्रेरणाका मुद्दाहरूलाई सम्बोधन गर्नुपर्ने हुँदा यसलाई व्यक्तिको ज्ञान, सिप र धारणामा सकारात्मक प्रभाव ल्याउनुका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारिता वृद्धि गर्ने उपायको रुपमा उपयोग गर्नु पर्ने हुन्छ ।

त्यसैले संस्थागत क्षमता विकासले संगठनको उद्देश्य हासिल गर्नका लागि संगठन संरचना, नीति तथा कार्य प्रक्रिया, स्रोत तथा व्यवस्थापनका मुद्दाहरूलाई सम्बोधन गर्नु पर्ने हुँदा सो को विश्लेषण लाई बढी ध्यान दिइएको थियो जसको माध्यमले व्यक्ति, संगठन र समाजमा आइपर्ने समस्याहरु समाधान गर्ने, संम्भावनाहरुको उपयोग गर्न तथा समय सापेक्ष विकासका निर्धारित उद्देश्यहरू प्राप्त गर्न आवश्यक ज्ञान, सीप र धारणा प्राप्त गर्न मद्दत मिल्ने अपेक्षा गरिएको छ ।

तसर्थ पुराना तथा अनुपयुक्त क्षमताहरूलाई हटाउने वा रूपान्तरण गर्न विद्यमान क्षमतालाई अधिकतम प्रयोग गर्न, विद्यमान क्षमताको विकास तथा सुदृढीकरण गर्न र नयाँ क्षमता स्थापना गर्ने विषयमा विश्लेषण र योजना तयारीलाई भौतिक स्रोत साधन, ऐन, नियम, विधि र प्रणाली, मानव संसाधन व्यवस्था गरी चार भागमा छुट्याएर विश्लेषण गरिएको छ ।

### ४.१.३ मानव संसाधन विकास एक परिचय

"Any value add to an employee is value added to organization" तसर्थ मानव संसाधनको क्षमता विकास भनेको गाउँपालिकाको खर्च नभई लगानी र कार्य क्षमता वृद्धि दुवै हो । त्यसैले भनिन्छ ज्ञान र सीपले संस्थालाई चलायमान बनाउँदछ । सामान्यतया मानव संसाधन विकास भनेको संस्थामा कार्यरत कर्मचारी, प्रतिनिधि तथा विविध कार्यमा सहयोग गर्ने सेवा बजारको व्यक्तिगत र संस्थागत सीप, ज्ञान र क्षमता किासको संरचना हो ।

यसले मानव संसाधन विकास केवल तालिम अध्ययन अवलोकन गोष्ठी, अन्तरक्रिया आदि मात्र नभई यो संगठनमा आवद्ध मानिस, संस्थाको आन्तरिक तथा बाह्य व्यवस्थापन, संरचना, विधि, प्रस्तुती समेत भएको हुँदा यो क्षमता विकास योजना बनाउँदा वर्तमानमा भएको जनशक्तिको विद्यमान क्षमताको मूल्यांकन तथा विश्लेषण गरी त्यस अनुरूप क्षमता विकास रणनीति तथा योजनाको तर्जुमा गरिएको छ । अध्ययनका क्रममा बराहताल गाउँपालिकाका कर्मचारीहरु सग दुवै व्यक्तिगत र समूहगत रुपमा कर्मचारीको

कार्यविवरण अनुसार गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने ज्ञान, सीप र धारणा तथा उहाँहरुमा रहेको विद्यमान ज्ञान, सीप र धारणा  विचको अन्तर पहिचान गरी यसरी प्राप्त भएका सूचनाहरूको अध्ययन तथा विश्लेषण गरी मानव संसाधन विकासका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरी योजना बनाईएको हो ।

### ४.२ वर्तमान अवस्था

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण नभएको अवस्था छ । गाउँपालिकाको वर्तमान संगठन संरचना अनुसार गाउँसभा, गाउँपालिका अध्यक्ष गाउँपालिका उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृत र न्यायिक समिति लगायत अध्यक्ष र उपाध्यक्षको निजि सचिवालयको व्यवस्था संस्थागत संरचनामा उल्लेख छ र प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा रहने गरी प्रशासन, आर्थिक प्रशासन, योजना तथा कार्यक्रम, सामजिक तथा आर्थिक विकास, भौतिक पूर्वाधार लगायतका शाखाहरुको व्यवस्था गरेको अवस्था छ । विभिन्न ओहोदामा रहेका कतिपय कर्मचारीहरु र विभिन्न तहका अधिकांश जन निर्वाचित प्रतिनिधिहरुले पदिय जिम्मेवारी पुरा गर्न आवश्यक क्षमता विकासका लागि न्युनतम तालिम पनि नपाएको अवस्था रहेको छ ।

### ४.३ संभावना र अवसर

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरू रहेको यो गाउँपालिका गहनाको रुपमा शिवमन्दिर, कालिका मन्दिर, बराहताल, बराह मन्दिर, चुलिडाँडा, धनीगाँड लगायत लगायत विभिन्न मठ मन्दिर तथा यहाँको लोक साँस्कृति आदि रहेका छन् । सुर्खेत जिल्लाकै ठुलो बराहताल, प्यारागलाईडिङ भैरव मन्दिर, भैरवस्थान मन्दिर, तथा हरिहरपुर लेखपराजुल, लगायत हर्रे सम्मको पैदल मार्ग, गाईनेकाडाको बटुक भैरव, हर्रेकाँडाको भैरव मन्दिर, शिद्धचुली, लेखगाँउको कालभैरव मन्दिर, सुर्खेत जिल्लाकै ठुलो बराहताल, कालीकादेवी थान, शिव मन्दिर, बौद्धविहार, बेथल चर्च, होम स्टे संचालन गर्न सकिने मनकामना मन्दिर, भगवती मन्दिर, धौलेमालिका मन्दीर, रानीवन, देवी थान, नयाँपानी गुफा, लामाखाली डाँडा पिकनिक स्पोर्ट, लखरपाटा, जितगुहारी मष्टोको थान, कालिका गुफा, शिव मुन्दिर, सोतखोला पिकनिक स्पोट, प्यारागलाईडिङ भैरव मन्दिर, भैरवस्थान मन्दिर, देवीथान मन्दिर, भोटे गढी, चमेरे गुफा ओदालताल, टाइथापे ढुङ्गा, धपाउने डाँडा, सिमलचौर आदि रहेका छन् लगायत अथाहा पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरू भएको तथा अहिलेको अवस्थामा पनि पर्यटकीय आवागमन उल्लेख्य रहेको हुँदा यसको उचित विकास गरी समग्र बराहताल गाउँपालिकाको आर्थिक विकास गर्न सकिन्छ । गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू, जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ ।

### ४.४ समस्या तथा चुनौती

संघीय लोकसेवा आयोग उत्तिर्ण गरी बराहताल गाउँपालिका भित्र समायोजन भई आएका, प्रदेश लोकसेवा आयोग, साविकका स्थानीय तहहरुबाट र ज्यालादारी तथा करार गरी विभिन्न स्रोतबाट उपलब्ध जनशक्ति रहेको अवस्था छ । संघबाट आएको जनशक्ति छिटो-छिटो सरुवा भै जाने आउने क्रमले गर्दा गाउँपालिकाले आफ्नो स्रोतबाट क्षमता विकासमा लगानी गर्न त्यति उत्साह नदेखाउने अवस्था रहेको छ । त्यसैगरी ज्यालादारी तथा करारका कर्मचारी नितान्त अस्थायी प्रकृतिका भएको हुँदा त्यसमा लगानी गर्न पनि गाउँपालिकालाई उत्साह नहुने अवस्था छ । नीतिगत तहमा बस्नेलाई मानव संसाधन विकासमा खर्च गर्दा आर्थिक बोझका रुपमा हेर्न खोजिए जस्तो पनि देखिन्छ ।

### ४.५ सोच

"बराहताल गाउँपालिका, कृषि, वन, पर्यटन, शिक्षा र पूर्वाधार, विकास गर्ने हाम्रो अभियान"

### ४.६ क्षमता विकासको लक्ष्य

संस्थागत रुपमा सवल, पूर्ण प्रजातान्त्रिक, कुशल नेतृत्वका र पूर्ण जिम्मेवारीका साथ प्रभावकारी ढंगले सेवा प्रवाह गर्न सक्षम गाउँपालिकाको रुपमा बराहताल गाउँपालिकाको विकास गर्नु हो ।

### ४.७ क्षमता विकासको उद्देश्य

- बराहताल गाउँपालिकाको संस्थागत प्रणालीमा भौतिक स्रोत साधन तथा प्रविधिको उचित व्यवस्थापन गर्ने ।
- कार्य जिम्मेवारीका आधारमा मानव संसाधनको व्यवस्थापन गर्ने ।
- कार्य जिम्मेवारी राम्रो सग निर्वाह गर्न सक्ने गरी उपलब्ध मानव संसाधनको क्षमता विकास गर्ने ।
- निर्वाचित प्रतिनिधीहरुलाई पदीय जिम्मेवारी अनुरुपको कार्य गर्न सक्ने गरी जिम्मेवारी र काम तथा कर्तव्य बारे क्षमताको विकास गर्ने ।
- सेवा बजार जस्तै टोल विकास समितिको क्षमता विकास गर्ने तथा कृषि, पशु तथा खानेपानी मर्मत कार्यकर्ताको व्यवथापन, क्षमता विकास र परिचालन गर्ने ।

### ४.८ संस्थागत क्षमता विकासको रणनीति तथा कार्यनीति

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन, २०७६ अनुसार गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, वडा सचिव, तथा अन्य कर्मचारीहरु लगायत सरोकारवालाहरु लाई एक दिने अनुशिक्षण पश्चात दिग्दर्शनको अनुसूचि २ देखी ५ सम्मका फारामहरु प्रयोग गरी लेखाजोखा गरी अनुसूची ७ अनुसारको योजना तयार गरिएको छ भने सोहि दिग्दर्शन अनुसार गाउँपालिकाका कर्मचारी, जनप्रतिनिधि तथा वडा सचिवहरु/कर्मचारी लगायत र सरोकारवालाहरुलाई एकदिने अनुशिक्षण पश्चात दिग्दर्शनको अनुसूचि ८ र ९ का फारामहरु प्रयोग गरी लेखाजोखा तथा छलफलका आधारमा अनुसूची १० अनुसारको योजना तयार गरिएको छ । विस्तृत रणनीति, योजना कार्यान्वयनका सिद्धान्त र पहिलो वर्षको कार्ययोजना अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।

### ४.९ संस्थागत क्षमता विकासका प्रमुख योजनाहरु

**तालिका १० बराहताल गाउँपालिकाको  संस्थागत क्षमता विकास योजनाको ढाँचा (अनुसूचि ७ मा आधारित)**

| क्षमता विकासका क्रियाकलापहरु | | | मुख्य जिम्मेवारी | समयावधी | | | जम्मा | बजेट लागत व्यहोर्ने स्रोत रु हजारमा | | | | लागत व्यहोर्ने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ईकाइ | परिमाण | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | जम्मा | आन्तरिक | बाह्य |
| **१ भौतिक स्रोत साधन व्यवस्थापन सम्बन्धित** | | | | | | | | | | | | | |
| **२. नीति, योजना, ऐन/नियम/पाठ्यक्रम/कार्यविधि प्रक्रिया सगसम्बन्धित** | | | | | | | | | | | | | |
| आवधिक विकास योजना निर्माण | संख्या | १ | योजना शाखा | १ | ० | ० | १ | १५००००० | ० | ० | १५००००० | ५००००० | १०००००० |
| आन्तरिक नियन्त्रण प्रणाली | संख्या | १ | योजना र लेखा | १ | ० | ० | १ | ५००००० | ० | ० | ५००००० | ५००००० | ० |
| दिगो विकासका लक्ष्य स्थानीयकरण | संख्या | १ | योजना र लेखा | १ | ० | ० | १ | ५००००० | ० | ० | ५००००० | ५००००० | ० |
| मध्यकालीन  खर्च संरचना | संख्या | १ | योजना र लेखा | १ | ० | ० | १ | ५००००० | ० | ० | ५००००० | ५००००० | ० |
| लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति | संख्या | १ | महिला तथा बालवालिका शाखा | १ | ० | ० | १ | २००००० | ० | ० | २००००० | ० | २००००० |
| गाउँपालिकालाई आवश्यक ऐन, नीति, कार्यविधिहरु तथा कानूनहरु | संख्या | १ | प्रशासन र योजना शाखा | ० | ० | ० | १ | १०००००० | ० | ० | १०००००० | १०००००० | ० |
| सडक गुरुयोजना | संख्या | १ | पूर्वाधार शाखा | ० | १ | ० | १ | १०००००० | ० | ० | १०००००० | १०००००० | ० |
| फोहरमैला व्यवस्थापन कार्यविधि | संख्या | १ | योजना | १ | ० | ० | १ | ५००००० | ० | ० | ५००००० | ५००००० | ० |
| **नीति, योजना, ऐन, नियम, कार्यविधि, पाठयक्रम निर्माण प्रकृया सम्बन्धी जम्मा बजेट रु** | | | | | | | | **५७०००००** | **0** | ० | **५७०००००** | **४५०००००** | **१२०००००** |
| **३ मानव संसाधन प्राप्ति सँग सम्बन्धित** | | | | | | | | | | | | | |
| ग्रामिण कृषि प्रविधि परिचालन | ३ दिन | २० | १० वटा वडामा | १० | १० | १० | २० | ६०००० | ६०००० | ६०००० | १८०००० | १८०००० | |
| ग्रामिण पशु प्रविधि परिचालन | ३ दिन | २० | १० वटा वडामा | १० | १० | १० | २० | ६०००० | ६०००० | ६०००० | १८०००० | १८०००० | |

| क्षमता विकासका क्रियाकलापहरु | ईकाइ | परिमाण | मुख्य जिम्मेवारी | समयावधी | | | जम्मा | बजेट लागत व्यहोर्ने स्रोत रु हजारमा | | | | लागत व्यहोर्ने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | जम्मा | आन्तरिक | बाह्य |
| खानेपानीका लागि ग्रामिण मर्मत संभार कार्यकर्ता परिचालन | ३ दिन | २० | १० वटा वडामा | १० | १० | १० | २० | ६००००० | ६०००० | ६०००० | १८०००० | १८०००० | |
| **मानव संसाधन प्राप्ती सम्बन्धी जम्मा बजेट रु** | | | | | | | | **७२००००** | **१८००००** | **१८००००** | **५४००००** | **५४००००** | **०** |
| **जम्मा संस्थागत क्षमता विकास बजेट रु** | | | | | | | | **५८८००००** | **१८००००** | **१८००००** | **६२४००००** | **४५५४०००** | **१२०००००** |

## ४.१० मानव संसाधन विकासका प्रमुख योजनाहरु

**तालिका ११ बराहताल गाउँपालिका मानव संसाधन विकास योजनाको ढाँचा (अनुसूचि १० मा आधारित)**

| मानव संसाधन विकास कृयाकलापहरु | प्राप्त हुने सिकाई | सेवा प्रवाहमा आउने प्रभावकारीता | मुख्य जिम्मेवारी | इकाई | परिणाम | समयावधि | | | | बजेट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा |
| १. निर्वाचित जनप्रतिनिधिहरुका लागि | | | | | | | | | | | | | |
| १.स्थानीय शासन सम्बन्धीनीति, कानून सार्वजनिक प्रशासन र सुशासनबारे सबै निर्वाचित प्रतिनिधिहरुलाई प्रशिक्षण । | सहित सेवा प्रवाहको ज्ञान | स्थानीय सरकार संचालनमा सहजता | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | २ दिन | ५४ | १८ | १८ | १८ | ५४ | ७२००० | ७२००० | ७२००० | २१६००० |
